राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly


सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २९, अङ्क– १०, असोज १२ गते शुक्रबार, २०८० (29 September, 2023) | www.janajibro.com | मूल्य रू. १०।-

# प्रमको चीन भ्रमण सफल भएको जिकिर

## दुवै सरकार प्रमुखद्वारा द्विदेशीय साझेदारी र सहकार्य अभिवृद्धिको प्रतिबद्धता

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को चीन भ्रमणका क्रममा नेपाल र चीनबीच अन्तर्देशीय विकास पूर्वाधार निर्माणलगायत द्विपक्षीय सहकार्य र साझेदारी गर्ने सहमति भएको छ। भ्रमणमा क्रममा प्रधानमन्त्री प्रचण्ड र उनका चिनियाँ समकक्षी ली छ्याङबीच प्रतिनिधिमण्डलस्तरीय वार्तापछि जारी संयुक्त वक्तव्यमा व्यापार प्रवर्द्धन तथा सहजीकरण, कूटनीतिक सम्बन्ध विस्तार तथा क्षेत्रीय सहयोगका लागि सहकार्य गर्ने विषयमा सहमति भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

संयुक्त वक्तव्यमा दुई देशबीचको सम्बन्ध, आपसी हितका लागि सहकार्य तथा क्षेत्रीय र अन्तर्राष्ट्रिय विषयमाथि सहकार्य गर्ने विषयमा छलफल भएको र केही महत्त्वपूर्ण सहमति जुटेको उल्लेख छ। द्विपक्षीय अर्थतन्त्र विस्तार तथा व्यापार प्रवर्द्धन, लगानी, कृषि, पर्यटन, उत्पादन क्षमता, गरिबी निवारण, स्वास्थ्य र शिक्षा, नागरिक उड्डीय, विद्युत, यातायात, पर्यटन विकासजस्ता क्षेत्रमा थप सहकार्य गर्ने विषयमा सहमत भएको उल्लेख छ। प्रधानमन्त्री प्रचण्डको भ्रमणका क्रममा नेपालका तर्फबाट चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी)को २०औं राष्ट्रिय कंग्रेसको सफलताका लागि नेपालले बधाई ज्ञापन गरेको बताइएको छ। चीनले पछिल्ला वर्षहरूमा गरेको आर्थिक तथा सामाजिक विकासको प्रशंसा गर्दै नेपालले थप समृद्धिका लागि कामना हो।

यस्तै चिनियाँ पक्षले नेपालले गतवर्ष सम्पन्न गरेको तीन तहको निर्वाचन र त्यसपछिको नयाँ सरकार गठनका लागि बधाई दिंदै चाँडै विकास र समृद्धिको लक्ष्य हासिल गर्नेमा विश्वास व्यक्त गरेको छ।

दुवै पक्षले चीनका राष्ट्रपति सी चिनफिङको सन् २०१९ को नेपाल भ्रमणका क्रममा भएका द्विपक्षीय सहमति तथा सम्बन्ध विकास र

क्रमशः अन्तिम पृष्ठमा

## नजिकिँदै ठूला चाडपर्व :
## सहुलियत पसल र अनुगमनका निम्ति समिति

**काठमाडौं ।** चाडपर्व नजिकँदै गर्दा सरकारले यही असोज २१ गतेदेखि आमभोक्ता लक्षित सहुलियत मूल्य पसल सञ्चालन गर्ने भएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयल प्रवक्ता गजेन्द्र कुमार ठाकुरका अनुसार आम उपभोक्ताको हितलाई ध्यानमा राखी अत्यावश्यक खाद्य तथा उपभोग्य वस्तु सुपथ मूल्यमा उपलब्ध गराउन त्यस्ता पसल सञ्चालनमा ल्याउने लागि तयारी थालेको हो।

सरल, सहज र सर्वसुलभ रूपमा सामग्री उपलब्ध गराउने उद्देश्य लिइएको त्यस्ता पसलबाट बजार मूल्य नियन्त्रण र गुणस्तरीयता कायम हुने समेत प्रवक्ता ठाकुरको भनाइ थियो। चाडपर्वका बेला उपभोक्ता बजारमा निजी क्षेत्रको एकाधिकार हुन नदिन भन्दै सरकारले हरेक वर्ष सहुलियत मूल्य पसल सञ्चालन गर्दै आएको छ। मन्त्रालयका मातहतका खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको दुग्ध विकास संस्थानको सहकार्यमा सहुलियत मूल्य पसल सञ्चालनमा ल्याउन लागिएको प्रवक्ता ठाकुरको भनाइ थियो।


सहुलियत मूल्य पसलमा सबै किसिमका चामल, दालहरू, गहुँ, आटा, पिठो, मैदा, तोरीको तेल, सनफ्लावर तेल, भटमासको तेल र चिउरामा बजार मूल्यभन्दा प्रतिकिलो सात रूपैयाँले सस्तोमा बिक्री वितरण गर्न लागिएको पनि उनलेले बताए। कर्णालीमा उत्पादित सिमी तथा गेडागुडीहरू, फापरको दाना, चिनो, कागुनो र उवा र जिउँदो खसी, बोका तथा च्याङ्ग्रामा प्रतिकिलो दस रूपैयाँ छुट दिइने भएको छ। सहुलियत मूल्य पसल सञ्चालनका लागि सरकारले यसवर्ष पनि खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई दुई करोड ३२ लाख २० हजार रूपैयाँ बजेट छुट्याएको छ।

चाडपर्वलाई लक्षित गरी मोरङ, झापा, ताप्लेजुंङ, संखुवासभा, सोलुखुम्बु, दिक्तेल, भोजपुर, ओखलढुंगा, खोटाङ, सिरहा, जनकपुर, पर्सा, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, तनहुँ, गोरखा, मनाङ, मुस्ताङ, रूपन्देही, बाँके, दाङ, बर्दिया, रुकुम पूर्व र रुकुम पश्चिममा समेत खाद्य व्यवस्था कम्पनीले सहुलियत पसल सञ्चालन गर्ने भएको छ। रोल्पा, सुर्खेत, गुल्मी, दैलेख, डोल्पा, कालीकोट, हुम्ला, जाजरकोट, जुम्ला, मुगु, कैलाली, डंडेलधुरा, बाजुरा, बझाङ, अछाम, दार्चुला, महेन्द्रनगर गरी ४२ जिल्लाका ४८ स्थानमा पनि चाडपर्व लक्षित खाद्य व्यवस्था तथा व्यापार कम्पनीका सहुलियतपूर्ण स्टक राख्ने भएको छ।

मन्त्रालयका अनुसार यस्ता पसलहरू आवश्यकतानुसार थप जिल्ला र स्थानहरूमा समेत सञ्चालन गरिने मन्त्रालयले बताएको छ। सरकारले चाडपर्वको अवधिभरका लागि यसरी सञ्चालनमा ल्याइएका सहुलियत मुल्य पसलहरू प्रभावकारी भएको नभएको विषयमा अनुगमन गर्न समिति समेत बनाएको छ। चाडबाडको अवधिभर बजार अनुगमनको काम थप तीव्र पारिने मन्त्रालयले जनाएको छ।

# आमा– १६

**२८ मार्च, १८६८ मा जन्मेर १८ जुन, १९३६ मा निधन भएका विश्वचर्चित मार्क्सवादी लेखक-साहित्यकार म्याक्सिम गोर्कीको औपचारिक नाम भने एलेक्सी म्याक्सिमोभिच पेस्कोभ हो। रूसी साहित्यकार गोर्की लेखक, नाटककार, उपन्यासकार मात्र नभई समाजवादी यथार्थवादी साहित्यिक धाराका संस्थापक समेत हुन्। कारखानामा काम गर्ने मजदूरहरूको आन्दोलनमा आधारित रही गोर्कीले लेखेको विश्वचर्चित उपन्यास 'द मदर' सन् १९०६ मा सर्वप्रथम अङ्ग्रेजी भाषमा प्रकाशित भएको थियो। नेपालीमा समेत प्रकाशित 'आमा' उपन्यास संसारभर अनेकौं भाषामा प्रकाशित छ। यसैमा आधारित भएर धेरै चलचित्रहरू समेत बनिसकेका छन्। पाठकहरूका निम्ति रूचिकर एवम् ज्ञावर्द्धक हुने ठानी यस स्तम्भमार्फत 'आमा' उपन्यासलाई क्रमशः प्रकाशित गरेका छौं।**



धारावाहिक उपन्यास
म्याक्सिम गोर्की

उनको स्वरमा मन्द प्रवाह थियो, शब्द खोज्न उनलाई कुनै कठिनाइ लागिरहेको थिएन। त्यस दिनको मन्द प्रवाह फोहोरको प्रत्येक चिन्हलाई आफ्नो हृदयबाट मेटेर फालिदिने विचाररूपी बलियो धागोमा उनी आफ्नो यी शब्दहरूलाई रंगीन पातेझैं जोड्दै गैरहेकी थिइन्। आफ्नो कुराले किसानहरूमाथि प्रभाव पार्दैछ भन्ने कुरा आमाले बुझेकी थिइन्। किसानहरू आँखा झिमिक्क पनि नगरी ध्यानपूर्वक आमाको कुरा सुन्दै थिए। आफूसँग बसेकी आइमाईले सास फेरेको थर्किलो आवाज उनको कानमा पर्दै थियो। यसले गर्दा उनी आफैंलाई पनि आफ्नो ती सब कुराहरूमा विश्वास बढ्दै गैरहेको थियो- जुन कुरामा उनी ती व्यक्तिहरूको विश्वास पार्दै थिइन्।

"ती सबैले जो कठोर जीवनयापन गर्दैछन्, जसलाई अभाव र अत्याचारको बोझले

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २९, अङ्क- १०, असोज १२ गते शुक्रबार, २०८०

## सम्पादकीय

# चाडपर्व, काला व्यापारी र मूकदर्शक सरकार

ठूला चाडपर्व नजिकिँदा नेपालका काला बजारियाहरूले आफ्नो लुट्ने सिजन सुरु भएको महसुस गर्ने गरेका छन् । जाडो तथा गर्मी याम सुरु हुँदा नै किन नहोस् काला व्यापारीहरू जनता लुट्न तम्तयार हुने गरेका छन् । चाडबाड र सिजनको त कुरै छाडौं, अनेकौं महामारी तथा भूकम्प र बाढिपहिरोजस्ता विपत्ति आउँदा समेत उनीहरूले 'मौकाको फाइदा' उठाउन चुक्ने गरेका छैनन् ।

व्यापार गरेपछि समुचित नाफा कमाउनु व्यापारी/व्यवसायीहरूको 'अधिकार' र 'धर्म' दुवै हो । तर, मनासिव मुनाफा होइन, जनतालाई कहरमा र करकापमा पारेर लुटपाट नै मच्चाउनु भने अमानवीय हर्कत हो । नेपालका अधिकांश व्यापारी/व्यवसायीहरूले अहोरात्र यस्तै हर्कत गर्ने गरेका छन् । तर, नियमन, नियन्त्रण, व्यवस्थापन र सुशासनको जिम्मेवारी लिएको सरकार भने यस्ता हर्कतहरूप्रति सधैं मूकदर्शक बनेर निरीहता प्रकट गर्नमै मग्न छ/रहँदै आएको छ । सुशासन, शान्ति-सुरक्षा र कालोबजारी/तस्करी नियन्त्रणका अनेकौं अभियान चलाइन्छन्, मिठामिठा भाषण गरिन्छन् र केही संयन्त्र तथा कार्यक्रमको घोषणा पनि गरिन्छन् तर कालाबजारीहरू भने सधैं नै फुक्काफाल लुटपाट गरिरहन्छन् ।

दसैं-तिहार, छट, ल्होछारजस्ता ठूला चाडपर्व नजिकिएसँगै बजारमा महँगी अकाशिएको छ । एक किलोग्राम जिराको मूल्य डेढ हजार पुगिसकेको र एक किलोग्राम चिनीको मूल्य डेढसय रुपैयाँ नाघिसकेको तथ्यबाट सरकार र सरकारी निकाय बेखबर छैनन् । यही अनुपातमा दैनिक उपभोग्य वस्तुको बजारभाउ चुलिएको यथार्थ जगजाहेर नै छ । तर, कुनै पनि सरकारी संयन्त्र, निकाय र अभियानहरूले तिनको रौंसम्म पनि हल्लाउन नसक्नु विडम्बनापूर्ण छ ।

## ... आमा- १६

थिचिरहेको छ, जसलाई धनी र उनका पछौटेहरूको अन्यायपूर्वक पाइतालामुनि दबाइरहेका छन्, ती सबैले ती व्यक्तिहरूको साथ दिनुपर्छ जो हामी सबैको निमित्त जेलमा सडिरहेका छन्, प्राणको बाजी लगाइरहेका छन् । उनीहरू निस्वार्थ भावले सबैलाई सुखको बाटो देखाउँदै छन्, कसैलाई धोका दिने उनीहरूको उद्देश्य छैन, सीधै भनिदिन्छन्- कठिन बाटो छ र जबरजस्ती कसैलाई यस बाटोमा ल्याउँदैनन् । तर जो पनि एकपटक उनीहरूको साथ लागिसकेपछि फेरि कहिल्यै अर्को बाटोमा लाग्दैन, किनभने उसको आफ्नै आँखाले देख्छ- यही एक मात्र सही बाटो हो र यसबाहेक अर्को बाटो छैन ।"

आज आमा आफैं मानिसहरूलाई सत्य कुरा बताउँदै थिइन् र आफ्नो यो चिरसञ्चित कामना पूरा भएको देख्दा उनी अपार सुख अनुभव गर्दै थिइन् ।

"जनताले यस्तै मान्छेहरूसँग लाग्नुपर्छ । उनीहरू अलिअलि सफलतामै सन्तोष मानेर बस्दैनन् । जबसम्म उनीहरूले समस्त धोखेबाजी, लालसा र द्वेष जरैदेखि उखेलेर फाल्नेछैनन्, तबसम्म उनीहरू चुप लागेर बस्नेछैनन् । उनीहरू त्यस बेलासम्म आफ्नो हात बाँधेर बस्ने छैनन्, जबसम्म साऱ्हा जनता उठेर एकै आवाजमा भन्ने छैनन् : 'म नै मालिक हुँ र म आफैं त्यो कानून बनाउँछु जो सबैको निमित्त एक समान हुनेछ ।'

अब आमालाई थकाइ लाग्न थाल्यो । चुप लाग्दै उनले आफ्ना श्रोताहरूतिर एक दृष्टि फ्याँकिन् । आफ्नो कुरा खेर नगएको देख्दा आमा सन्तोष अनुभव गर्दै थिइन् । अब दुवै किसान बडो उत्सुकतासाथ उनलाई हेर्दै थिए । प्योत्र काखी बाँधेर साँगुरो आँखा पारेर बसिरहेको थियो, उसको ओठमा मधुर मुस्कान खेलिरहेको थियो । स्तेपानचाहिं एक हातले टेबुलमा कुहिनो मारेर यस प्रकारले अघिल्तिर झुकेको थियो कि लाग्थ्यो ऊ अझै पनि आमाको कुरा सुनिरहेको छ । अनुहारमा परेको छायाँले गर्दा उसको अनुहार अझ पूर्ण भए जस्तो लाग्थ्यो । आमाको नजीकै बसेकी उसकी स्वास्नी घुँडामा कुहिनो अड्याएर आफ्ना खुट्टामुनितिर हेर्दै थिइन् ।

"यही त हो वास्तविकता ।"- प्योत्र मन्द स्वरमा फुसफुसायो र टाउको हल्लाउँदै बेन्चमा गम्म परेर बस्यो ।

स्तेपान आँग तान्दै सीधा भयो र स्वास्नीतिर हेर्दै यसरी हावामा हात फैलायो, मानौं ऊ त्यहाँ उभिएका सबैलाई आलिङन गर्न चाहन्छ ।

"साँच्ची यदि यो काममा हातै हाल्ने हो भने ।"- उसले बडो विचारमग्न हुँदै भन्न सुरु गऱ्यो : "तब त साऱ्हा तनमन यसैमा लगाउनुपर्छ...।"

"पछि हट्ने कुरै छैन ।"- प्योत्रले दृढ स्वरमा थप्यो ।

"लाग्छ यस काममा धेरै मान्छेले हात हाल्नेछन् ।"- स्तेपान भन्दै थियो ।

"साऱ्हा विश्व नै यसैतर्फ खिचिएर आउनेछ ।"- प्योत्रले फेरि भन्यो ।

आमा भित्तामा अडेस लागेर बसिन् र टाउको पछिल्तिर अड्याउँदै उनीहरूले शान्त स्वरमा विभिन्न विषयहरूमाथि आफ्ना मत प्रकट गरिरहेको सुन्न थालिन् । ताचियानाले उठेर चारैतर्फ आँखा घुमाइन् र फेरि बसिन् । किसानहरूतिर असन्तुष्टि र हेलाको दृष्टिले हेर्दा उनका हरिया आँखाहरूमा सुख्खा चमक देखा पर्थ्यो ।

"लाग्छ तपाईंले आफ्नो जिन्दगीमा धेरै दुःख भोगिसक्नुभएको छ ?"- एक्कासि आमातर्फ फर्कँदै उनले भनिन् ।

"भोगें ।"- आमाले जवाफ दिइन् ।

"तपाईंको कुरा मलाई असाध्यै मीठो लाग्यो, भित्रैदेखि फेरि सुन्ने इच्छा भएर आउँछ । कुरा सुन्दै जाँदा मनमनै लाग्न थाल्छ, हे ईश्वर । यस्तो मान्छेहरूको दर्शनसम्म मात्र गर्न पाए पनि धन्य हुन्थें । त्यो पो हो साँच्चीको जिन्दगी । हाम्रो जिन्दगी पनि जिन्दगी हो ? भेंडा बराबर बाँचिरहेका छौं । मलाई नै हेर्नोस् न । अलि पढ्न जान्दछु, किताब पढ्छु, थुप्रै सोच्छु । कहाँसम्म भने कहिलेकाहीं त रातभरि सोचेर बसेकी हुन्छु । तर यसबाट के फाइदा र ? नसोचुँ जिन्दगी त्यसै खेर गैहाल्यो, सोचुँ त्यो पनि बेकारै छ ।"

उनको भनाइमा व्यंग्यको झलक थियो र कहिलेहीं धागो चटक्क चुँडाले जस्तो बोल्दाबोल्दै बीचैमा टक्क थामिन्थिन् । किसानहरू चुपचाप सुनिरहेका थिए । बाहिर झ्यालमा हावा मडारिइरहेको थियो, छानाको परालमा सरसराइरहेको थियो र चिम्नीमा भुईंभुई आवाज आउँदै थियो । आकलझुकल पानीका एक दुई थोपा झ्यालको ऐनामा ठोकिन पुग्थे । बत्तीको ज्वाला एक पटक हल्लिएर मलिन भयो तर एकै छिनमा फेरि पहिले जस्तै शान्त र तेजिलो भएर बल्न थाल्यो ।

"जब मैले तपाईंको कुरा सुनें तब मनमनै भनें- मानिसले बाँच्नुपर्ने यसै कुराको लागि त हो । कस्तो अचम्म त, जब म तपाईंको कुरा सुन्न थाल्छु मलाई यस्तो लाग्न थाल्छ मानौं यी सब कुरा मलाई अघिदेखि नै थाहा थियो । तर यस्तो कुरा न मैले पहिले कसैबाट सुनेकी थएँ न त आफैंले सोचेकी थिएँ ।"

"ताचियाना, भो अब खाना खाइहालौं, बत्ती पनि निभाउनुपर्छ ।"- स्तेपानले उदास स्वरमा बिस्तारै भन्यो - "मानिसहरूले शंका गर्न थाल्नेछन्, किन यो चुमाकोभको घरमा यति अबेलासम्म बत्ती बलेछ, हामी मात्र भैदिएको भए केही थिएन, तर यस्तो पाहुना आउनुभएको छ उहाँलाई नराम्रो पर्न सक्छ ...।"

ताचियाना उठेर चुल्होतर्फ लागिन् ।

"अब त बुझ्यौ भाइ, प्रत्येक पाइला छामेर सार्नुपर्छ ।"- प्योत्रले मुस्कुराउँदै भन्यो - "गाउँमा अखबार देखा पर्न थालेपछि त..।"

"मलाई आफ्नो फिक्री छैन । समातिए पनि कुनै हानि हुँदैन ।"

उसकी स्वास्नी टेबुल अगाडि आइन् र भनिन् - "खोइ उठ त.... ।"

ऊ उठ्यो र एक छेउमा उभिएर स्वास्नीले टेबुलमा खाना राखेको हेर्न थाल्यो ।

"तिमी-हामी जस्ता त पैसाका सय वटा भेटाइन्छन्, होइन त भाइ,"- उसले ब्यङ्ग्यपूर्वक भन्यो ।

एक्कासि आमालाई उसमाथि दया लागेर आयो । आमालाई त्यो मान्छे झन झन मनपर्दै गैरहेको थियो । आफ्नो मनको सब कुरा पोखिसकेकीले उनीलाई दिनभरिको बोझबाट हलुङो भएजस्तो लागिरहेको थियो । उनी मनमनै आफैंप्रति दङ पर्दै थिइन् र अहिले उनको हृदयमा सबैप्रति सद्भावना थियो ।

"घरधनी, तपाईंको कुरा ठीक लागेन ।"- आमाले भनिन् - "तपाईंको रगत चुस्ने मान्छेहरूले तपाईंको जुन मोल राखेका छन्, के तपाईं त्यही मोल स्वीकार गर्नुहुन्छ । साथीहरूले राखेको मोल हुन्छ, न कि शत्रुहरूले राखेको....।"

"हाम्रा साथीहरू नै पो कहाँ छन् र ?" - किसानले निराश हुँदै भन्यो - "एक गाँस भातको लागि...।"

"म भन्छु, हाम्रा साथीहरू थुप्रै छन्...।"

"छन् होलान्, तर यहाँ छैनन् । यही त छ फसाद ।"- स्तेपानले केही सोच्दै भन्यो ।

"यहाँ पनि आफ्नो साथी खोज्ने कोशिश किन गर्नुहुन्न त ?"

"हो त नि, यो खाँचो अनुभव गर्न थालेका छौं...।"- स्तेपानले केही बेर सोचिसकेपछि बिस्तारै भन्यो ।

"बसौं खाना खाइहालौं ।"- ताचियानाले भनिन् ।

आमाको भाषणबाट प्योत्रमा नयाँ जीवनको संचार भएजस्तो थियो । त्यो योत्र खाना खाने समयमा फेरि फुर्तिलो भएर छिटोछिटो कुरा गर्दै थिए ।

"आमा, तपाईंलाई कसैले पनि नदेखे राम्रो । त्यसैले बिहान सबेरै नै तपाईंले यहाँबाट हिंड्नुपर्छ । शहरभित्र नपसी, तपाईं सीधा दोस्रो स्टेशनतिर लाग्नोस्, हुलाकी एक्का भेट्टाइहालिन्छ...।"

"किन त्यसो गर्नुपऱ्यो र, म पुऱ्याइदिन्छु नि ।"- स्तेपानले भन्यो ।

"तिमीले किन गैरहनुपऱ्यो र । केही परिआयो भने तिमीलाई सोधपुछ गर्न थाल्नेछन् । यहाँ बास बस्नुभएको थियो ? अनि कता लाग्नुभो त ? मैले स्टेशनसम्म पुऱ्याएर आएको थिएँ । ए, त्यसो भए तैंले पुऱ्याएर आएको थिइस् । लौ त जा जेल । बुझिस् ? जेल जान किन त्यस्तो हतार गर्नुपऱ्यो र ? सब कुराको आफ्नो पालो आउँछ । 'कुबेलामा तिल नघोट्नु, बखतमा हीरा फोड्नु,' भन्छन् । एक्लै जानु भए के हुन्छ र ? राती बास बस्नुभएको थियो, बिहानै भाडामा एक्का लिएर हिंड्नुभो । कहाँ को बास बस्छ कसलाई के मतलब र । मूल सडकमा परेको गाउँ, मानिसहरू आउने जाने गरिरहेकै हुन्छन्...।"

"प्योत्र, तिमीलाई यस्तो डरछेरुवा बन्न कसले सिकायो हँ ?"- ताचियानाले व्यङ्ग्यपूर्वक सोधिन् ।

"भाइ, मान्छेले सब कुरा जान्नुपर्छ ।"- हातले घुँडामा ठोक्दै प्योत्रले भन्यो - "मौका अनुसार डराउनु पनि पर्छ, बहादुर पनि बन्नुपर्छ । तिमीलाई सम्झना छ यही अखबारको लागि कसरी भगानभलाई पुलिसले ठोकेको थियो ? अब त लाख रूपैयाँ दिए पनि ऊ अखबार हातमा समाउन मान्दैन । तर आमा तपाईं मलाई विश्वास गर्नोस्, । म मान्छे चर्को र बदमाश छु, सबैलाई थाहा छ । म तपाईंको सब अखबार र पर्चाहरू भने जस्तो गरी बाँडिदिन्छु । साँचो हो, हाम्रो गाउँलेहरू त्यति साऱ्हो लेखपढ गर्न जान्दैनन् र बढी डराउँछन् तर समयले मानिसलाई चारैतिरबाट यसरी घेरामा पार्छ कि ऊ आँखा खोल्न वाध्य हुन्छ र सोच्न थाल्छ 'कसरी यी सब कुराबाट मुक्ति पाउने हो ?' अखबारहरू यस्तै बेलामा काम लाग्छन् । त्यसमा साफ साफ जवाफ लेखिएको हुन्छ । अनि त के छ र, खालि सोचविचार गर, बुद्धि निकाल । यस्ता पनि कैयौं घटनाहरू छन्, जब अनपढ किसानहरू पढेलेखेका मान्छेहरूमाथि भोकको मार परेको हुँदैन । म यहाँ कुनाकुनामा पुगेको छु र मैले सब कुरा देखेको छु । वास्तवमा काम गर्न खोजे नसकिने होइन, तर धेरै सोच र अकल भने अवश्य चाहिन्छ । नत्र सुरुमै जेल पर्न पनि बेर छैन । अफिसरहरूले पनि यो गन्ध पाइसकेका छन् कि किसानहरूको उनीहरूप्रतिको व्यवहारमा रत्तिभर पनि आदरको भावना छैन । अफिसरहरूलाई देख्दा उनीहरू मुस्कुराउन छोडिसकेका छन् र मुस्कुराए पनि करबलले । वास्तवमा उनीहरू अफिसरहरूबाट परपरै रहन चाहन्छन् । हालसालैको कुरा हो यहीं नजीकैको स्मोल्याकोभा गाउँमा जब सरकारी कर्मचारीहरू त्यहाँ मालपोत असुल गर्न आइपुगेका थिए । किसानहरूले लाठो लिएर यिनीहरूको स्वागत गरेका थिए । थानेदारले त सीधै भनेछ - 'तिमीहरू गधाका सन्तानहरू, जार विरोधी काम गर्दैछौ ।' स्पिभाकिन नाउँ गरेको एकजना किसानले त मुखभरिको जवाफ दियो - 'जाओ, तिमीहरू पनि तिम्रा जारसँग नरकमा । के काम हामीलाई त्यस्तो जार, जो जीउमा लगाइराखेको कमीज समेत फुकालेर दिन्छ ।' देख्नुभो आमा । कुरा कहाँसम्म पुगिसक्यो त । अवश्य, स्पिभाकिनलाई त्यसपछि जेल हाले । तर उसको भनाइलाई त जेल हाल्न सकिन्न । बच्चाबचीले सुनेका छन् उसको कुरा र त्यो कुरा हाम्रो कानमा गुञ्जिँदै छ, मनमा गढिरहेको छ ।"

प्योत्र केही खाइरहेको थिएन, खाली सुस्त आवाजमा छिटोछिटो बोलिरहेको थियो । उसले काला चम्किला आँखाहरूले चारैतिर हेर्दै थियो । ऊ गाउँको जीवनवारे आफ्नो अनुभव आमालाई यसरी बताउँदै थियो, मानौं थैलोमा भएको पैसा मुठीमठी बाहिर झिक्दै छ ।

स्तेपानले दुईपटक बीचैमा उसको कुरा काटेर भन्यो :

"तिमी पहिले खाना त खाऊ ।"

प्योत्री दुवै पटक रोटीको छुक्रो र चम्चा उठायो, तर चराले गीत गाउनमा मगनमस्त भएझैं ऊ खान बिर्सेर फेरि आफ्नो कहानी सुनाउनमा नै मस्त हुन्थ्यो ।

खाना खाइसकेपछि ऊ फूर्तिसाथ उठ्यो र भन्यो -

"लौ त, अब म पनि घर हिंड्ने बेला भयो...।"

ऊ आमाको अगाडि उभियो र टाउको निहुराउँदै आमासँग हात मिलायो ।

"हवस् त आमा । हुन सक्छ, जिन्दगीमा फेरि कहिल्यै भेट नहोला । तर तपाईंसँग भेट्न पाउँदा र तपाईंको कुरा सुन्न पाउँदा धेरै खुशी लाग्यो । तपाईंको सुटकेसमा अखबारबाहेक अरू पनि केही छ कि ? तपाईंको रुमाल ? ठीक छ, त्यो म पठाइदिउँला । सम्झिराख स्तेपान । ऊ अहिले तपाईंको सुटकेस लिएर फर्कनेछ । हिंड स्तेपान । हवस् त आमा, नमस्कार ।"

उनीहरू निस्किसकेपछि कति शून्य भयो भने साङ्लाहरू यताउता दौडिएको आवाज समेत सुनिन थाल्यो । बतास छानामा सुसाउँदै चिमनीभित्र भुईं आवाज निकालिरहेथ्यो । पानीका छिटाहरू एकनासले झ्यालमा ठोकिइरहेका थिए । ताचियानाले आमाको लागि चूल्हो माथिबाट डसना झिकेर ओछ्यान लगाइदिइन् ।

"बडो फूर्तिलो मान्छे छ ।"- आमाले भनिन् ।

"नवर्सने बादल जस्तै त हो नि, गर्जन खुब जानेको छ ।"- आमातिर हेर्दै ताचियानाले जवाफ दिइन् ।

"अनि तपाईंको लोग्ने नि, कस्तो खालको मान्छे हो ?"- आमाले सोधिन् ।

"बेस छ । मान्छे असलै छ जाँड रक्सी पिउँदैनन्, मिलेरै बसेका छौं । मान्छे अलि कमजोर मुटुको छ र मात्र...।"

उनी सोझिएर उभिइन् ।

"भन्नोस् न, आजको जमानामा मान्छेले गर्नुपर्ने कुरा के हो ?"- एकछिन रोकिएपछि उनले भन्न सुरु गरिन् - "जनताले विद्रोह सुरु गर्नुपर्छ होइन ? अवश्य त्यही गर्नुपर्छ । सबैले यो कुरा बुझेका छन् तर सब आ-आफ्ना मनमा राखेर बसेका छन्, जबकि यस्तो कुरा चिच्च्याइ चिच्च्याइ भन्नुपर्छ । सुरुमा कम्तीमा पनि एक दुई जना त अघि बढ्नुपर्छ...।"

उनी बेन्चमा बसिन् र अचानक सोधिन् -

"तपाईं भन्नुहुन्छ घरानियाँ परिवारका युवतीहरू पनि यस्तो काम गर्छन्, मजदूरहरूकहाँ जान्छन्, उनीहरूलाई किताबहरू पढेर सुनाउँछन्- के यस्तो काम गर्न उनीहरू घीन मान्दैनन्, डराउँदैनन् ?"

ध्यानपूर्वक आमाको जवाफ सुनिसकेपछि उनले लामो सुस्केरा हालिन् र टाउको झुकाउँदै आँखा बन्द गरिन् ।

"एउटा किताबमा मैले यस्तो शब्द भेट्टाएकी थिएँ- 'निरर्थक जीवन' । मैले यस शब्दको अर्थ तुरुन्तै बुझिहालें । कस्तो यो जिन्दगी हो भन्ने कुरा मलाई राम्ररी थाहा छ । अर्थ त छ, तर सब यसरी छरिएका हुन्छन्- गोठाले बिनाको भेंडाको बथान जस्तै नबटुल्ने मानिस नै छ न त साधन नै । यही हो निरर्थक जीवन । आफ्नो बसको कुरा भैदिएको भए यस्तो लाग्छ, भागिहालुँ यस जिन्दगीबाट, केही कुरा बुझ्न थालेपछि मानिसहरूलाई यस्तो दिक्दारी लागेर आउँदो रहेछ ।"

उनका हरिया आँखाको सुख्खा चमकमा, ओइलिएको अनुहारमा र आवाजमा आमा यो दिक्दारी देखिरहेकी थिइन् । आमालाई त्यस आइमाईलाई ढाडस दिने र माया गरेर सुम्सुम्याउने इच्छा भयो ।

"तपाईंले त बैनी सब कुरा बुझि नै सक्नुभएको छ, के गर्नुपर्छ भन्ने पनि थाहा नै छ...॥"

"बुझेर मत्र पनि के गर्नु र, केही गर्न सके पो ।" ताचियानाले बिस्तारै आमाको कुरा काट्दै भनिन् ।

चुल्होतिर हटेर उनी चुपचाप खडा भइन्- उनको अनुहार, गम्भीर, निश्चल र विचारमग्न थियो । आमा लुगा नफुकालिकनै पल्टिन् । जीउमा कति कष्ट भइरहेको थियो भने कनाइको एक हलुको आवाज निस्क्यो । ताचियानाले बत्ती निभाइन् । घरभरि अन्धकार फैलिएपछि उनी एकोहोरो मसिनो स्वरमा बोल्न थालिन् । यस्तो लाग्थ्यो मानौं उनको स्वर निस्सासिँदै अन्धकारको

क्रमशः चौथो पृष्ठमा

# भुटानलाई पराजित गर्दै पाकिस्तान फाइनलमा

**काठमाडौं ।** भुटानलाई सडेन डेथमा पाकिस्तान साफ यू–१९ च्याम्पियनसिप फुटबल प्रतियोगिताको फाइनलमा पुगेको छ । पाकिस्तानले त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सम्पन्न प्रतियोगिताको सेमिफाइनलमा भुटानलाई सडेन डेथमा ६–५ गोलअन्तरले हराउँदै साफ च्याम्पियनसिपको फाइनलमा पुगेको हो ।

पहिलो पटक यु १९ साफ च्याम्पियनसिपमा सहभागी पाकिस्तान सडेन डेथबाट फाइनल पुगेको थियो । खेलको निर्धारित समयसम्म दुवै टोलीबाट गोल हुन नसकेपछि खेल टाइब्रेकरमा पुगेको थियो ।

टाइब्रेकरको पहिलो सेटमा दुवै टोलीका बराबर ५–५ गोल गरेपछि खेल सडेन डेथमा धकेलिएको थियो । सडन डेथमा पाकिस्तानका आदिल युनास, शाह जहान, अलि जफर, खुर्सिद आलम, मुहम्मद सदाम र कमिल अहमद खानले गोल गरेपछि फाइनलमा पुगेको थियो ।

भुटानका लागि किज्जाङ तेन्जिङ, जिग्मे नाम्ग्येल, रिन्जिन दोर्जी, उग्यन दोर्जी र पेमा जाङपोले गोल गरेका थिए । भुटानका छेत्रीम पेलजाङको पेनाल्टी भने पाकिस्तानका गोलरक्षक साहिल गुलले रोकेका थिए । प्रतियोगिताको फाइनलमा पुगेको पाकिस्तानी टोलीले नेपाल र भारतबीचको विजेता टोलीसँग खेल्नेछ ।

# अस्वाभाविक मूल्यवृद्धि नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण

**काठमाडौं ।** नेपालीहरू महान् पर्व दशैं–तिहार र छठलगायत चाडपर्व नजिकँदै गर्दा चिनीलगायत दैनिक उपभोग्य वस्तुका अस्वभाविक मूल्यवृद्धि र कालोबजारी नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको सार्वजनिक लेखासमितिको बैठकमा भाग लिने अधिकांश सांसदहरूले दैनिक उपभोग्य वस्तुमा भइरहेको अस्वभाविक मूल्यवृद्धि र कालोबजारी नियन्त्रणका लागि सांसदहरूले सरकारलाई सजग र सचेत रहन सुझाव दिएका हुन् ।

सो बैठकका सहभागी अधिकांश सदस्यहरूले चाडबाडका समयमा कृत्रिम अभाव सिर्जना गरी हुनसक्ने भन्दै त्यस्ता गतिविधमा समयमै ध्यान पुऱ्याउन समितिमार्फत सरकारको ध्यानाकर्षण गराए । बैठकमा सदस्य गोकुलप्रसाद बाँस्कोटाले चिनी उत्पादन र आयातकर्ता तथा सरकारबाट सहयोग प्राप्त गर्ने एउटै व्यक्ति भएकाले हरेक वर्ष चाडबाडका समयमा अभाव सिर्जना हुँदै आएको भन्दै दैनिक उपभोग्य वस्तु सहज र सुलभ मूल्यमा प्राप्त गर्ने जनताको अधिकारलाई सुनिश्चित गर्न जोड दिए । बैठकमा सदस्यद्वय अर्जुननरसिंह केसी र राजेन्द्रप्रसाद लिङ्देनले दशैंको मुखम मौलाएको कालोबजार नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराएका थिए भने सांसदद्वय अच्युत मैनाली र देवप्रसाद तिमिल्सिनाले आवश्यकता भन्दा लाभको दृष्टिकोणबाट मल आयात भएकाले वास्तविक किसानले नभइ अरुले नै फाइदा लिइरहेको बताए ।

बैठकमा सांसद रामकृष्ण यादवले आर्थिक संकट र महंगीले अप्ठेरामा परेका जनतालाई अप्ठेरोमा पार्ने हिसाबले केही सीमित व्यापारीले कार्टेलिङ गरी छोटो समयमा धेरै धन कमाउने उद्देश्यले गलत क्रियाकलातर्फ लागेको भन्दै कारबाहीको माग गरे । समिति सदस्यद्वय तारा लामा, श्यामकुमार घिमिरे एवं सांसदद्वय लेखनाथ दाहालले आ–आफ्ना धारणा व्यक्त गरेका थिए ।

बैठकमा समितिले बेरुजु फर्छ्यौटलगायत छलफलका लागि तयार गरेका विषयबस्तुबारे जानकारी गराउँदै सभापति ऋषिकेश पोखरेलले त्यसको प्राथमिकीकरणका लागि सुझाव प्रस्तुत गर्न अनुरोध गरेका थिए ।

# आईएसबीएन दर्ता नम्बर वितरणमा अनियमितताको आरोप

**काठमाडौं ।** कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तर्गतको केन्द्रीय पुस्तकालयमा अन्तर्राष्ट्रियस्तरको पुस्तक नम्बर (आइएसबिएन) मा दर्ता भएका पुस्तकको नम्बर वितरणमा अनियमितता भएको आरोप लगाइएको छ । अहिलेसम्म पुस्तकालयमा दर्ता भएका करिव ६० हजारमध्ये २७ हजार पुस्तक मात्रै प्राप्त भएको उल्लेख गरिएको छ । नेपालबाट प्रकाशित हुने पुस्तकलाई अन्तरराष्ट्रिय बजारमा लैजानका लागि अनिवार्य रूपमा आवश्यक पर्ने आइएसबिएन नम्बर वितरणमा अनियमितता भएको हो ।

पुस्तक प्रकाशकले आइएसबिएन प्राप्त गरेपछि पुस्तकलाई विश्वबजारमा किनबेच गर्न सकिन्छ । आइएसबीएनको व्यवस्थाले नेपालबाट के–कति पुस्तक प्रकाशित भए भनेर अभिलेख राख्न समेत सहज हुने केन्द्रीय पुस्तकालयका निमित्त प्रमुख सागरराज सुवेदीले बताए । नेपालले सन् २००० मा यसको सदस्यता प्राप्त गरेपछि विसं २०५६ माघ २२ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आइएसबिएनको शुभारम्भ गरेका थिए । उतिबेला इन्टरनेसनल स्ट्यान्डर्ड बुक नम्बरको केन्द्रीय कार्यालय जर्मनीमा रहेकामा हाल बेलायतको लन्डनमा रहेको छ । उक्त कार्यालयले नेपालमा आइएसबिएन वितरणको जिम्मा गर्ने जिम्मा त्रिवि केन्द्रीय पुस्तकालयलाई प्रदान गरेको थियो ।

नेपाल पुस्तक संघले पुस्तकहरूलाई प्रदान गरिने अन्तर्राष्ट्रिय मानक पहिचान निःशुल्क नै दिने सो कार्यालयको प्रावधान रहे पनि नेपालमा भने शुल्क लिने गरिएको र त्यसवापत जम्मा हुने रकमको सदुपयोग नभएको बताएको छ । यसमा छानबिन गरी आइएसबिएन वापत उठाइने रकमको नियमन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, त्रिवि उपकुलपतिको कार्यालय, केन्द्रीय पुस्तकालयलगायत विभिन्न निकायसमक्ष ज्ञापनपत्र बुझाएको छ । यसरी लिने गरिएको रकमको कुनै अभिलेख नभएको र अमुक संस्थासँग मिली भागबन्डाका रूपमा प्रयोग गर्ने गरिएको ज्ञापनपत्रमा उल्लेख छ । सुरुमा २५ रूपैयाँबाट सुरु गरेको केन्द्रीय पुस्तकालयले अहिले ३ सय लिने गरे पनि उपयुक्त ढंगबाट पुस्तकको दर्ता भएको छैन ।

विश्वव्यापी रूपमा पुस्तकलाई दिइने सो नम्बरका आधारमा मेसिनद्वारा पुस्तक पहिचान गरी प्रयोग गर्ने उद्देश्यले बनाइएको भए पनि व्यवहारमा भने त्यसो नभएको विज्ञप्तीमा उल्लेख छ । नेपाली प्रकाशक तथा लेखकहरूलाई निःशुल्क दिनुपर्ने उक्त आइएसबिएन वापत रकम लिएर गर्ने गरेको भए पनि उपयुक्त ढंगबाट त्यसको दर्ता भएको पाइएको छैन । क्रमाङ्क नम्बर वितरण पद्धतिलाई सूचना प्रविधिको माध्यमबाट व्यवस्थित नगरी झारा टार्ने काम मात्र गरिनुले सम्पूर्ण नेपाली प्रकाशक तथा लेखकहरूमाथि अन्याय भएको संघका महासचिव महेन्द्र सिवाकोटीले बताए । नेपाली नागरिकले बुझाएको रकम सरकारी कोषमा दाखिला हुनुपर्नेमा त्यसो नगरी भागवण्डामा दुरूपयोग भएको हुँदा यसको तत्काल निस्पक्ष छानबिन गरी दोषीलाई कारवाही हुनुपर्ने, त्यसो नभएमा अदालतमार्फत कानूनी उपचार खोजिने उनको भनाइ थियो ।

# रामेछाप–लुक्ला उडान सुरु

**रामेछाप ।** पूर्वी क्षेत्रको हवाइ इन्धनको भण्डार समेत रहेको जिल्लाको सदरमुकाम मन्थलीबाट लुक्लाका लागि तारा, समिट र सीता एयरले उडान सुरु गरेको छ । विदेशी पर्यटक लिएर मन्थलीबाट सोलुखुम्बुको लुक्लाका लागि उडान भरेको हो ।

यो समय पर्यटकका लागि सिजन भएकाले राजधानी काठमाडौंको एयरपोर्ट व्यस्त भएर ट्राफिक जाम हुने भएपछि ती कम्पनीहरूले विदेशी पर्यटकलाई लिएर मन्थलीसम्म गाडीबाट लैजाने र त्यहाँबाट लुक्लाका लागि उडानमार्फत पठाउने गर्दै आएका छन् । विगतमा विभिन्न कारणले दुई वर्षदेखि थलिएर भर्न नसकेका वायुसेवा कम्पनीहरूले यस वर्ष बेलैदेखि उडान भर्न थालेका हुन् ।

वायुसेवा प्रदायक ती कम्पनीहरूले मौसमले साथ दिएसम्म पर्यटकहरूको यो सिजनमा दैनिक रूपमा पर्याप्त उडान भर्ने योजना रहेको बताएका छन् । काठमाडौंबाट नजिक रहेको यस एयरपोर्टमा साना विमानस्थलहरूका लागि हवाई इन्धन सहितको व्यवस्था भएको मन्थली विमानस्थल भएकाले इमर्जेन्सी विमान अवतरण लागि समेत रामेछाप विमानस्थल उपयोगी मानिएको छ । तर नजिकको दूरीमा रहेर पनि रामेछाप–काठमाडौंको नियमित उडान भने कुनै कम्पनीहरूले पनि गर्न सकेका छैनन्, स्थानीय प्रशासन र संघीय तथा प्रदेश सांसदहरूको पहलमा ती कम्पनीहरूले नियमित उडान भर्ने सहमति गरी कार्य तालिका नै प्रकाशन गरे पनि यात्रु अभाव देखाउँदै उडान भरेका छैनन् ।

# आन्दोलनरतहरूलाई संवादबाटै सहमतिमा ल्याउन माओवादीको आग्रह

**काठमाडौं ।** सत्ताधारी दल नेकपा (माओवादी केन्द्र)ले संघीय संसदमा पेस भएको संघीय शिक्षा विधेयकका सम्बन्धमा देखिएको असन्तुष्टिलाई वार्ता र संवादबाटै सहमति खोज्नुपर्ने निष्कर्ष निकालेको छ ।

माओवादी केन्द्रको केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको पदाधिकारी बैठकले वार्ता र संवदाका माध्यमबाट शिक्षा विधेयकमा व्यक्त भएका असन्तुष्टिलाई सम्बोधन गरेर जानुपर्ने निष्कर्ष निकालेको उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिएका हुन् । पार्टीका कार्यवाहाक अध्यक्ष नारायणकाजी श्रेष्ठको अध्यक्षतामा बसेको उक्त बैठकले विधेयकका सम्बन्धमा असन्तुष्टि पोख्दै शिक्षकले केही दिनदेखि सञ्चालन गर्दै आएको काठमाडौं केन्द्रित प्रदर्शनलाई संवादको माध्यमबाट समाधान गर्न आग्रह गरेको छ ।

सरकारसँगको वार्तापछि अधिकांश शिक्षक नियमित काममा फर्के पनि राहत शिक्षकहरूले आफ्नो माग सम्बोधन नभएको भन्दै असन्तुष्टि व्यक्त गरिरहेका छन् । उनीहरूले उठाएको माग संविधानको मर्म र भावनालाई ख्याल गरेर सम्बोधन गर्न सरकारलाई आग्रह गरिएको प्रवक्ता सापकोटाको भनाइ थियो ।

माओवादी केन्द्रको उक्त बैठकले वार्ता र संवादबाटै सहमतिको विन्दु पहिल्याउन सकिने ठहर गर्दै राहत शिक्षकले समेत अपनत्व महसुस गर्नेगरी विधेयकमा आवश्यक प्रक्रिया राख्न अनुरोध गरिएको प्रवक्ता सापकोटाको भनाइ थियो । यस्तै बैठकले स्वास्थ्यकर्मी तथा चिकित्सकले उठाएका माग पनि सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराएको छ । आफूहरूमाथि आक्रमण भएको भन्दै चिकित्सकले प्रदर्शन गरिरहेका छन् ।

माओवादीको बैठकले मुलुकका विभिन्न भागमा सामाजिक सदभाव बिगार्ने खालका गतिविधि देखापरेको भन्दै समयमै सचेतता अपनाउनु पर्नेमा जोड दिएको छ ।

आम नेपालीमा सामाजिक सद्भाव असाध्यै राम्रो र बलियो रहे पनि केही स्थानमा अराजक सङ्केत देखापरेको ठहर गर्दै सो पार्टीले बेलैमा सचेतपूर्वक समस्या समाधानको दिशामा जानुपर्नेमा जोड दिएको प्रवक्ता सापकोटाले जानकारी दिनुभयो ।

त्यस्तै पार्टीले अगाडि बढाएको जनतासँग माओवादी अभियानलाई थप प्रभावकारी बनाउने र जनताको विश्वास जित्नेगरी अगाडि बढ्नुपर्नेमा बैठकमा विशेष जोड दिएको उनको भनाइ थियो ।

बैठकबीच सरकारले अगाडि बढाएको भ्रष्टाचार नियन्त्रण र सुशासनको अभियानलाई थप प्रभावकारी बनाएर लैजानुपर्ने आवश्यकता औंल्याउँदै पार्टी प्रवक्ता सापकोटाले सो कार्यका लागि सरकारलाई साथ दिन समेत सबैलाई आग्रह गरेका थिए ।



# ... आमा– १६

सम्म मुखाकृतिबाट केही पुछेर लग्दै छ।

"तपाईं पनि ईश्वरमा विश्वास गर्नुहुँदो रहेनछ। म पनि विश्वास गर्दिन, न त चमत्कारमै विश्वास गर्छु।"

आमाले कोल्टे फेरिन्। झ्याल बाहिरको अभेद्य अन्धकार सधैँ उनलाई हेरिरहेको थियो र यस अन्धकारमा प्रत्येक क्षीण स्वर र सरसराहट टड्कारो भएर सुनिइहन्थ्यो। उनले अति सानो र कम्पित स्वरमा भनिन् -

"ईश्वरको कुरा त थाहा छैन, तर ईसा मसीहरूमाथि चाहिं मलाई विश्वास लाग्छ। मलाई उहाँको "आफ्ना छिमेकीहरूलाई आफैँलाई झैं प्रेम गर।" भन्ने सन्देशमाथि विश्वास लाग्छ...।"

ताचिया चुप लागिन् र चूल्होको कालो पृष्ठभूमिमा आमा उनको तन्किएको अनुहारको धमिलो रूपरेखा देखिरहेकी थइन्। चूल्होको कालो पृष्ठभूमिमा यो अनुहार खैरो देखिन्थ्यो। उनी निश्चल भएर उभिएकी थिइन्। आमाले उदास भएर आँखा बन्द गरिन्।

आमाले एक्कासि ताचियानाको कठोर शब्द सुनिन् - "मेरो बच्चाहरूको मृत्युको लागि म न ईश्वरलाई न त मानिसलाई नै क्षमा गर्न सक्छु।"

आमा विचलित भएर उठिन्। ताचियानाका शब्द पछाडि जुन वेदना लुकेको थियो त्यो उनले राम्ररी बुझेकी थिइन्।

"तपाईं अझै तरुनी हुनुहुन्छ, बहिनी अरू पनि त जन्मलान् नि।" आमाले मायालु स्वरमा भनिन्।

"अहँ, डाक्टरले भनिसकेको छ अब म बच्चा जन्माउन सक्दिन, कहिल्यै जन्मदैन..।"- केही रोकिएर साउतीको स्वरमा आइमाईले भनिन्।

भुईंमा खुर मुसो दौडियो। कुनै वस्तु फुटेको सुक्खा चर्को आवाज सुनियो। यसै आवाजको अदृश्य बज्रपातले कोठाको निस्तब्धता भङ गरिदियो। फेरि पराले छानामा झरीको सरसरे आवाज स्पष्ट सुनिन थाल्यो, यस्तो लाग्थ्यो मानौं कसैका हडबडाएका मसिना औंलाहरू त्यहाँ केही छाम्दै छन्। पानीका थोपा तप्केको उराठ लाग्दो आवाज मन्द गतिले वितिरहेको शरद ऋतुको रातको याद दिलाइरहेको थियो।

उँघदाउँघदै आमाले बाहिर बरन्डामा कसैको नजिकिँदै आइरहेको एकनासे पदचाप सुनिन्। बिस्तारै ढोका खुल्यो र सानो स्वरमा कसैले सोध्यो -

"ताचियाना, तँ सुतिसकिस्।"

"अहँ, सुतेकी छैन।"

"उहाँ नि ?"

"निदाइसक्नुभए जस्तो लाग्छ।"

एक्कासि उज्यालो भयो। आगोको ज्वाला केहीबेर हल्लियो र फेरि निभ्यो। किसानले आमाको ओछ्याननेर गएर उनका खुट्टा छोपिने गरी ओढ्ने ओढाइदियो। आफूप्रतिको यो माया गराइले आमालाई हृदयदेखि नै आनन्द लागेर आयो। आँखा बन्द गर्दै उनी मुस्कुराइन्। स्तेपान चुपचाप लुगा फुकालेर पल्टियो। चारैतिर फेरि शून्यता छायो।

आमा चुपचाप पल्टिएर ध्यानपूर्वक त्यस स्वप्निल निस्तब्धताको उथलपुथल सुनिरहेकी थिइन्। उनका आँखा अगाडि रीबिनको रगतले लथपथ भएको अनुहार घुम्न थाल्यो।

घरधनीहरू सुतेका ठाउँबाट फुसफुसाएको सुख्खा आवाज आयो।

"देख्यौ कस्ता मानिसहरूसमेत यस काममा लागेका छन्। उमेर बितिसक्यो, पीर र व्यथा खप्नुसम्म खपिसकिन्, अब बसेर आराम गर्नुपर्ने बेलामा उनीहरू यस्तो काम गर्दैछन्। तिमी त अझै जवान छौ, चलाख छौ, तैपनि...धत्तेरी स्तेपान..।"

"यस्तो काममा सोचविचार नगरी हात हाल्नु हुँदैन।"- किसानले गुञ्जँदो आवाजमा जवाफ दियो।

"सुनिसकेकी छु मैले यस्तो कुरा...।"

एकछिनको लागि फुसफुसाहट बन्द भयो र फेरि स्तेपानको आवाज सुनियो :

"काम सुरु गर्ने हो भने सबैभन्दा पहिले किसानहरूसँग छुट्टाछुट्टै कुरा गरेर हेर्नुपर्छ। जस्तै अलेक्सेइ माकभ लेखपढ गर्न जान्छ, मान्छे जोशिलो छ, हाकिमहरूदेखि चिढिएको छ। सेर्गेइ शोरिन पनि बुझ्ने खालको मानिस छ, कन्याजेभ इमान्दार र शूरो छ। हाललाई यत्तिकै भए पुग्छ। हामीले उनको बताएका जस्ता मान्छेहरूसँग सम्बन्ध राख्नुपर्छ। म बन्चरो बोकेर शहरतिर लाग्छु, मानिसहरू शहरमा दाउरा चिरेर केही पैसा कमाउन गयो होला भन्ने ठान्छन्। यस्तो काममा बडो सतर्क हुनुपर्छ। उनी ठीकै भन्दै थिइन्। मानिसले आफैंले आफूलाई आँक्न जान्नुपर्छ। आजकै त्यही किसानकै कुरा लेऊ, ईश्वर नै अगाडि उभ्याए पनि आफ्नो कामबाट पछि हट्नेछैन। नीकीता नै भयो, देख्यौ कस्तो भएर निस्केछ त, त्यस्तो भएर निस्केला भन्ने कसैले सोचेको थियो र।"

"तिमीहरूकै अगाडि मानिसलाई कुट्दा पनि मुखमा बुजो हालेझैं चुप लागिरहन्छौ...।"

"के कुरा गरेकी तिमीले त्यस्तो, अझ ईश्वरले दया गरे भन न। नत्र हामीले नै कुट्न वाध्य गर्थे होलान्, त्यति सजिलो छ भन्ठानेकी छ्यौ।"

स्तेपान धेरै बेरसम्म खुसखुसाइरह्यो। उसको आवाज कहिले यति मन्द हुन्थ्यो कि आमालाई सुन्न समेत मुश्किल पर्थ्यो। कहिले चर्को गुञ्जँदो आवाजमा बोल्न थाल्थ्यो।

"बिस्तारै बोल न, बिउँझनु होला।"- स्वास्नीचाहिं बेलाबेलामा टोक्दथ्यो।

गहिरो निद्राको बाक्लो बादलले आमालाई डम्म ढाक्यो। उनी मस्तसँग निदाइन्।

बिहानीपख ताचियानाले आमालाई बिउँझाइ दिइन्। झिसमिसे उज्यालो हुन थालेको थियो। प्रातःकालीन चिसो निस्तब्धता भङ गर्दै गिर्जाघरको घन्टा बज्न थाल्यो र हावाको लहरसँगै पट्यारलाग्दो तरिकाले गाउँभरि फैलिँदै रातको पहरा सिद्धिएको सूचना दिइरहेको थियो।

"मैले सामोभार बसालिसकेकी छु चिया पिएर जानुहोला, नत्र उठ्ने बित्तिकै हिंड्दा ठण्डी लाग्न सक्छ।"- ताचियानाले भनिन्।

स्तेपान आफ्नो लट्टा परेको दाढी केलाउँदै गम्भीरतापूर्वक आमालाई सोध्दै थियो कसरी उनलाई शहरमा फेला पार्न सकिन्छ। आमालाई लाग्यो आज उसको अनुहारमा बढी दृढता आएको छ। चिया पिउँदै स्तेपानले हाँसेर भन्यो -

"कस्तो अचम्मको कुरा हुन गयो ?"

"के भो।"- ताचियानाले सोधिन्।

"यो भेटघाट नि। हेर न कति सजिलोसँग....।"

"यस कामका सब कुरा यस्तै सजिलोसँग हुन्छ।"- आमाले केही सोच्दै दृढ स्वरमा भनिन्।

उनलाई बिदा गर्दै किसान दम्पतीले सकभर आफूलाई कडा पारे, धेरै बोलेनन्। तर उनीहरूले उनको सुविधाबारे सानातिना कुराहरूसमेत ध्यान दिएका थिए।

एक्कामा बसेर आमा सोच्दै थिइन्, स्तेपानले मुसाको चालमा होसियारीसाथ काम सुरु गर्नेछ र कहिल्यै थाकेर बस्नेछैन। स्वास्नीको असन्तुष्ट आवाज सधैं उसको कानमा गुञ्जिरहनेछ। उनका हरिया आँखाका भतभताउँदा ज्वाला तबसम्म चम्किरहनेछन्, जबसम्म उनी जीवित रहनेछिन्। आफ्ना सन्तानको मृत्युले जन्माएको उनको हृदयको प्रतिरोधपूर्ण हिंसक वैरागीपन कहिल्यै शान्त हुनेछैन।

आमालाई रीबिनको सम्झना आयो- उसको रगत, अनुहार, बल्दा आँखा, उसको कुरा पुलिसहरूको पशुत्व अगाडि आफ्नो असमर्थताको तीतो भावनाले उनको मुटु निमोठ्दै थियो। शहरसम्म नै बाटोभरि मिखाइलको अनुहार त्यस नरमाइलो दिनको पृष्ठभूमिमा आमाका आँखा अगाडि घुमिरह्यो। उनी देख्दै थिइन्, उसको हट्टाकट्टा शरीर, कालो दाढी, धुजाधुजा परेको कमीज, पछिल्तिर फर्काएर बाँधिएका हात, खोसलिएको कपाल। रीबिनको हृदयमा प्रतिशोधको ज्वाला दन्किरहेको छ। ऊ आफ्नो सत्यतामा विश्वस्त छ। आमाले पृथ्वीका अनगिन्ती गाउँहरू र त्यहाँ बस्ने मानिसहरूबारे सोचिन्, जो आफ्नो हृदयमा न्यायको दिन आउने बाटो पर्खेर बसिरहेका छन्। उनले ती हजारौं मानिसहरूबारे सोचिन्। जो जिन्दगीभर चुपचाप बिना कुनै लक्ष्य काम गरिरहेका छन्- यिनलाई कुनै सुधारको आशा छैन।

आमालाई लाग्यो, जिन्दगी त्यो बाँझो पाखो हो जुन चुपचाप कसैले आएर खनिदिन्छ भन्ने प्रतीक्षामा बसेको छ। यस्तो लाग्थ्यो ऊ स्वतन्त्र र इमान्दार मानिसहरूको मूक प्रतीक्षा गर्दैछ :

'मेरो छातीमा सत्य र न्यायको बीउ रोप, म तिम्रो परिश्रमको सय गुना बढी फल फलाइदिनेछु।'

आफ्नो सफलताको सम्झनाले उनको हृदयमा बिस्तारै आनन्दको भावना उर्लन थाल्यो, तर तुरुन्तै लज्जित हुँदै दबाइदिइन्।

१९.

निकोलाइले आमालाई ढोका उघारिदियो। उसको लुगा खजमजिएको थियो र हातमा एउटा किताब थियो।

"यति चाँडै ?"- ऊ दङ पर्दै चिच्च्यायो - "कति छिटो।"

चश्माभित्र उसका मायालु सजीव आँखा झिमझिमाइरहेका थिए। उसले आमालाई कोट फुकाल्न मद्दत गऱ्यो र मायालु तालले मुस्कुराउँदै आमाको मुखमा हेऱ्यो।

"हिजो राती हाम्रो घरमा खानतलासी लिन आएका थिए।"- उसले भन्यो : "मलाई डर लागेको थियो कतै तपाईंलाई त भेट्याएनन्। तर पत्रेर चाहिं लगेनन्। तपाईंलाई भेट्याएका भए मलाई मात्रै किन बाँकी राख्थे र...।"

उसले आमालाई भान्सा-कोठामा लिएर गयो र बडो जोशले बताउँदै गयो -

"बरु नोकरीबाट चाहिं अवश्य निकालिदिन्छन्, तर केही छैन। दिनभर मेचमा बसेर गरीब किसानहरूको संख्या गन्दागन्दै वाक्क लागिसकेको छ।"

कोठाको हालत रिसाएको साँढेले बाहिर भित्तामा सिंगाउरी खेलेर भित्रको सब कुरा गज्याङमज्याङ पारिदिएको जस्तो थियो। तस्वीरहरू भुईंमा खसेका थिए। ठाउँठाउँमा भित्ते कागज च्यातिएको थियो र धुजाधुजा परेर लट्किरहेको थियो। एक ठाउँमा भुईंमा ठोकेको फल्याक उप्काइएको थियो। चूल्हो नजीकै भूईंभरि खरानी छरिएको थियो। आमाले यो चिरपरिचित दृश्य देखेर टाउको हल्लाइन् र एकटकले निकोलाइलाई हेर्न थालिन्। आमा आज उसमा केही नौलो कुरा महसुस गर्दै थिइन्।

टेबुलमा निभिसकेको सामोभार राखिएको थियो। भाँडाहरू जूठै थिए। चीज र साल्यामी प्लेटको सट्टा कागजमा राखिएका थिए। किताब, पाउरोटी र कोइलाका टुक्राहरू टेबुलभरि मिल्किएका थिए। आमा विस्तारै हाँसिन्, निकोलाइ पनि असजिलो मान्दै मुस्कुरायो।

"यो चाहिं उनीहरूको गडबडीमा मेरो पनि हात छ। तर केही छैन, पेलागेया नीलोभ्ना। मलाई लाग्छ उनीहरू फेरि पनि आउन सक्छन्, त्यसैले केही पनि तहलाउनपट्टि नलागेको। अनि तपाईंको सफर कस्तो भयो नि ?"

यस प्रश्नले आमालाई मुटुमै हिर्काए जस्तो लाग्यो। रीबिनको अनुहार फेरि उनको सामुन्ने देखा पऱ्यो। तुरुन्तै उसबारे नबताएकोमा आमालाई आफू दोषी भएजस्तो लाग्यो। मेचमा निहुरिँदै उनी निकोलाइतिर सरिन् र नहडबडाइकन सब बेलीबिस्तार सुनाउन थालिन्।

"ऊ समातियो...।"

निकोलाइले झस्किँदै सोध्यो -

"हो र ?"

आमाले उसलाई चुप लाग्ने इशारा गरिन् र यसरी घटनाको वर्णन गर्न थालिन्, मानौं उनी साकार न्यायकै अगाडि उभिएर मानिसमाथि भएको अत्याचारको विरुद्ध प्रतिरोध गर्दै छिन्। निकोलाइ मेचमा अडेस लागेर सुन्न थाल्यो। उसको अनुहार फीका थियो र ओठ टोक्दै आमाको कुरा सुनिरहेको थियो। उसले विस्तारै चश्मा फुकालेर टेबुलमा राख्यो र हातले यसरी अनुहार पुछ्न थाल्यो, मानौं ऊ आफ्नो अनुहारमा टाँसिएको अदृश्य माकुराको जालो पुछ्दै छ। उसको अनुहारमा रेखाहरू अझ स्पष्ट भए, गालाको हाड अझ चुच्चो परेर निस्केजस्तो लाग्यो। आमा पहिलोपल्ट उसको यस्तो रूप देख्दै थिइन्, उसको यस्तो आकृति देखेर उनी अलि तर्सिन् पनि।

आमाले आफ्नो कुरा सिध्याइसकेपछि ऊ उठ्यो र खल्तीभित्रसम्म मुठ्ठी घुसारेर चुपचाप कोठामा ओहोरदोहोर गर्न थाल्यो।

"निकै आँटिलो मान्छे रहेछ।"- ऊ दाह्रा किट्दै बडबडाइरहेको थियो। "उसलाई जेलमा बडो मुश्किल पर्नेछ। त्यस्ता मानिसहरूलाई त्यहाँ समय बिताउन असाध्यै गाऱ्हो हुन्छ।"

आफ्नो आवेश रोक्न ऊ अझ जोडले खल्तीमा हात घुसार्दै थियो। तर आमा उसको यो अवस्था महसुस गर्दै थिइन् र आफैं पनि त्यही आवेशको शिकार हुँदै थिइन्। निकोलाइका आँखाहरू यति साँगुरा भएर आए कि अब ती कुनै चक्कुका टुप्पाजस्ता देखिन्थे। फेरि कोठामा ओहोरदोहोर गर्दै उसले क्रुद्ध र कठोर स्वरमा भन्यो :

"एकपल्ट सोचेर मात्र हेर्नोस् त कस्तो भयंकर कुरा छ। औंलामा गन्न सकिने मूर्खहरू जनतामाथि आफ्नो सत्यानाशकारी सत्ता कायम राख्न जसलाई पायो उसलाई कुटिरहेका छन्, मारिरहेका छन्, थिचिरहेका छन्। बर्बरता बढ्दो छ र चारैतर्फ निर्दयताको राज्य छ। सोच्नोस् त, यस्ता पनि मानिसहरू हुँदारहेछन् जो जनतालाई सताउँदा सताउँदा जनावर भैसकेका छन्, नबनुन् पनि किन सजायको डर भए पो। अर्कालाई सताएर आफूले मजा लुट्ने चिर्खाको रोग लागेको छ। उनीहरू त्यही दासको जस्तो रोग जसलाई आफ्नो दास भावना र पशु व्यवहारको तिर्खा मेट्ने स्वतन्त्रता दिइएको छ। कोही बदलाको भावनाले विषालु बनेका छन् भने कोही मार खाँदाखाँदा लाटा र अन्धा बनिसकेका छन्। जनता भ्रष्ट हुँदै गइरहेको छ, पूरा जनताको यही हालत छ।"

ऊ थामियो र एकछिन चुप लाग्यो। उसका दाँत कटकटाइरहेका थिए।

"यस्तो जंगली जीवनमा मान्छे अनायास नै आफैं पशु बन्न पुग्दछ।"- उसले बिस्तारै भन्यो।

जबरजस्ती आफ्नो आवेश रोक्दै उसले झण्डै शान्त तरिकाले आमाका अनुहारतर्फ हेऱ्यो। निकोलाइका आँखामा कठोर तेज थियो। आमा रोइरहेकी थिइन्।

"तर पेलागेया नीलोभ्ना, हामीले त्यसै समय खेर फाल्नु हुँदैन, आउनोस् आफूलाई बसमा राखौं।"

उसको ओठमा मुस्कान फैलिएको थियो। ऊ आमातर्फ बढ्यो र निहुरिएर उनको हात आफ्नो हातमा लियो।

"तपाईंको सुटकेस कहाँ छ ?"- उसले सोध्यो।

"भान्सा-कोठामा छ।"- आमाले जवाफ दिइन्।

"हाम्रो ढोकामा जासुसहरू ओहोरदोहोर गर्दैछन्। त्यति थुप्रा अखबारहरू हामी लुकाएर घर बाहिर पनि लान सक्दैनौं, लुकाउने ठाउँ पनि कतै छैन। मलाई लाग्छ उनीहरू आज राती फेरि पनि आउनेछन्। त्यसैले जति दुःख लागे पनि नजलाई सुख छैन।"

"के जलाउने ?"- आमाले सोधिन्।

"सुटकेशमा भएको सब कुरा।"

आमाले उसको कुरा बुझिन्। जतिसुकै दिक्क लागिरहेको भए पनि आफ्नो सफलताप्रति गर्वको भावनाले उनको अनुहारमा मीठो मुस्कान फैलियो।

"डराउनुपर्दैन, त्यहाँ एक पत्ता कागज बाँकी छैन।"- आमाले भनिन् र बिस्तारै टाठी हुँदै चुमाकोभसँगको भेटबारे निकोलाइलाई सबिस्तार सब कुरा बताइन्।

निकोलाइले बडो ध्यानपूर्वक उनको कुरा सुन्न थाल्यो, सुरुसुरुमा त बेचैनीले उसका आँखीभौं खुम्चिँदै थिए, तर बिस्तारै बेचैनीको स्थान आश्चर्यले लिन थाल्यो र अन्त्यमा आमाको कुरा बीचैमा काट्दै खुशीले चिच्यायो -

"ओहो, यो त गजब भैहाल्यो नि, कस्तो भाग्यमानी मान्छे तपाईं...।"

आफ्ना दुवै हातले आमाको हात समाउँदै ऊ बिस्तारै फुसफुसायो -

"तपाईंको मानिसमाथिको विश्वास यति हृदयस्पर्शी छ, साँच्चै म तपाईंलाई प्रेम गर्छु। आफ्नी आमालाई जस्तै।"

आमा उत्सुकतापूर्वक उसलाई हेर्दै मुस्कुराइन्। आमा छक्क पर्दै सोचिरहेकी थिइन्, कसरी निकोलाइ एक्कासि त्यति प्रफुल्ल र सजीव बन्न पुगेछ।

"साँची भन्ने हो भने परिस्थिति धेरै नै आहतजनक भैरहेको छ।" - उसले हात मल्दै भन्यो र बडो मायालु तरीकाले हाँस्न थाल्यो। "पछिल्ला दिनहरू मैले पनि बडो आनन्दसाथ बिताएँ, किताब पढ्थें, मजदूरहरूसँग कुराकानी गर्थें, उनीहरूको अध्ययन गर्थे। हृदयमा यस्तो स्वच्छ पवित्र भावना उर्लन थाल्यो। कस्ता जाती मान्छेहरू त, पेलागेया नीलोभ्ना मेरो मतलब ती नौं जवान मजदूरहरू हुन्, कति दृढ, संवेदनशील र ज्ञानका भोका छन् भने के भनौं। उनीहरूलाई देख्दा अनायासै मनमा यस्तो विचार आउन थाल्छ। कुनै दिन हाम्रो रसिया अवश्य पनि संसारको सबैभन्दा प्रजातान्त्रिक मुलुक बन्नेछ।"

आफ्नो कुराको पुष्टि गर्न खोजेझैं उसले हात उठायो, यस्तो लाग्थ्यो, मानौं ऊ शपथ ग्रहण गर्दैछ। एकछिन चुप लागिसकेपछि ऊ फेरि बोल्न थाल्यो :

"वर्षभरि एकै ठाउँमा बसेर लेख्दालेख्दा मेरा अङ प्रत्यङ खिइसकेका थिए, दिमाग सड्न आँटिसकेको थियो, निकै असजिलो काम थियो। मजदूरहरूबीच काम गर्ने बानी परिसकेको मान्छेलाई उनीहरूसँग छुट्टिएर बस्नुपर्दा कस्तो असजिलो लागेर आउँदो रहेछ, मगजमा सधैं एकै किसिमको तनाउ रहन्छ जीउ भारी भएर आउँछ। तर अब त म फेरि स्वतन्त्र जिन्दगी बिताउन सक्छु, सधैं उनीहरूलाई भेट्न सक्छु, उनीहरूसँग काम गर्न सक्छु। तपाईं बुझ्नुहुन्छ म ती व्यक्तिहरूबीच हुनेछु, जहाँ निरन्तर नौला विचारहरू पैदा हुन्छन्, जवानीको जोशिलो सृजनात्मक शक्ति सम्मुख हुनेछु। कति साधारण, सुनदर र रोमाञ्चकारी। यस्तो वातावरणमा मानिस फेरि जवान बन्छ, उसमा नयाँ शक्तिको सञ्चार हुन्छ, मानिस पूर्ण जीवन बाँच्न सक्छ।"

ऊ हाँस्न थाल्यो। उसको यो उल्लास आमा बुझ्थिन् र उनको हृदय पनि ऊ सँगसँगै रमाउन थाल्यो।

"तपाईं असाध्यै जाती मान्छे हुनुहुन्छ।"- निकोलाइले गद्‌गद हुँदै भन्यो - "तपाईं कति स्पष्ट रूपमा मान्छेहरूका चित्रण गर्नुहुन्छ र कति राम्ररी उनीहरूलाई बुझ्नुहुन्छ।"

निकोलाइ आमाको नजीकै गएर बस्यो। लाज मान्दै उसले आफ्नो उल्लासपूर्ण अनुहार अर्कोतिर फर्कायो र कपाल मुसार्न थाल्यो। ऊ एकछिनपछि फेरि आमातिर फर्क्यो। बडो ध्यानपूर्वक उनको सरल, स्पष्ट र रोचक बयान सुन्न थाल्यो।

"ठूलो भाग्यले जोगिनुभएछ।"- उसले खुशी हुँदै भन्यो - "समातिने ठूलो सम्भावना थियो तर...। यस्तो लाग्छ किसानहरूले पनि केही बुझ्न थालिसकेका छन् र यो स्वभाविकै पनि हो। त्यही आइमाईकै कुरा गरौं न म यहींबाट गजब राम्ररी देख्न सक्छु उनलाई।...... गाउँमा काम गर्नको लागि हामीले छुट्टै मानिसहरूलाई तयार पार्नुपर्छ। हामीलाई कार्यकर्ताहरूको औधी खाँचो छ, अझ सयौं मानिसहरूको आवश्यकता छ।"

"पाभेल जेल बाहिर हुँदो हो त, अझ आन्द्रेइ पनि भैदिएको भए।"- आमाले बिस्तारै भनिन्।

निकोलाइले आमाको अनुहारमा हेऱ्यो र फेरि टाउको झुकायो। ...क्रमशः

# माओको समाधिस्थलमा श्रद्धाञ्जलि : ल्हासाका दरबार र मन्दिरको अवलोकन

**काठमाडौं ।** चीन औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजधानी बेइजिङस्थित तियानमेन स्क्वायरमा रहेको चिनियाँ कम्युनिस्ट पार्टीका नेता स्वर्गीय माओत्सेतुङको समाधिस्थलमा पुष्पाहार अर्पण गर्दै श्रद्धाञ्जलि व्यक्त गरेका छन् । चिनियाँ समकक्षीसँगको भेटवार्तापछि तियानमेन स्क्वायर पुगेका प्रधानमन्त्री प्रचण्डलाई चिनियाँ उच्चअधिकारीहरूले स्वागत गरेका थिए ।

औपचारिक भ्रमणका क्रममा चीनको स्वशासित क्षेत्र तिब्बतको ल्हासा पुगेका प्रधानमन्त्री प्रचण्डले त्यहाँस्थित ऐतिहासिक पोताला दरबार र जोखाङ मन्दिरको अवलोकन भ्रमण गरेका थिए । समुद्री सतहबाट करिव तीन हजार आठ सय मिटरको उचाइमा रहेको पोताला दरबारलाई संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को)ले सन् १९९४ मा विश्वसांस्कृतिक सम्पदाको सूचीमा सूचीकृत गरेको थियो ।

विश्वमै समुद्री सतहबाट सबैभन्दा माथि निर्माण भएको पोताला दरबार तिब्बतकै सबैभन्दा ठूलो, पुरानो र ऐतिहासिक दरबार पनि हो । अवलोकभ्रमण पुगेको प्रधानमन्त्री प्रचण्डलाई त्यहाँस्थित अधिकारीहरूले पोताला दरबारका बारेमा जानकारी गराएका थिए । उनले पोताला दरबार नजिकै रहेको जोखाङ मन्दिरको समेत अवलोकन भ्रमण गरेका थिए । पोताला मन्दिरमा सोङचङ गम्पोले राजकुमारी वेनचेङ र नेपाली राजकुमारी भृकुटीका लागि सातौं शताब्दीको मध्य समयतिर बनाएको बताइन्छ ।

बौद्ध धर्मावलम्बीहरूका लागि पवित्र स्थलका रूपमा परिचित उक्त मन्दिर राखिएको शाक्यमुनि बुद्धको मूर्तीलाई भक्तजनले विशेष महत्त्वका साथ सम्मान गर्छन् ।

चीनको औपचारिक भ्रमणका क्रममा ल्हासा पुगेका प्रधानमन्त्री प्रचण्डले चीनको स्वशासित क्षेत्र तिब्बतमा चिनियाँ कम्युनिस्ट पार्टी (सिपीसी) को तिब्बत पार्टी कमिटीका सचिव वाङ सियाङसँग भेटवार्ता गरेका थिए । प्रधानमन्त्री प्रचण्डले आफ्नो चीन भ्रमण अत्यन्त उत्साहजनक रहेको उल्लेख गर्दै सचिव वाङ सियाङलाई चीन सरकारले नेपाल-चीन सम्बन्धका लागि इञ्चार्जको जिम्मेवारी दिएकाले सियाङको नेतृत्वमा भएका द्विपक्षीय सम्बन्धलाई थप उचाइमा पुऱ्याउन महत्त्वपूर्ण योगदान पुगेको बताए । उनले नेपाल र चीनबीचका द्विपक्षीय हितका लागि हरेक क्षेत्रमा सहकार्य गर्न नेपाल सरकार तयार रहेको समेत बताए ।

भेटवार्तामा सचिव सियाङले प्रधानमन्त्री प्रचण्डको चीन तथा तिब्बत भ्रमणबाट आफू धेरै खुसी भएको भन्दै नेपालसँगको सम्बन्धलाई अझ उचाइमा पुऱ्याउन आफू अझ सक्रिय रहने बताए । भेटवार्तामा प्रधानमन्त्रीको भ्रमण दलमा रहेका सदस्य सहभागी थिए भने उनको सम्मानमा सचिव सियाङले रात्रिभोजको आयोजना गरेका थिए ।

# जथाभावी एन्टिबायोटिक : जनस्वास्थ्यमाथि खेलबाड

**सामयिक आलेख**

**पदमराज जोशी**

*नेपालमा एन्टिबायोटिकको व्यापक दुरूपयोग भइरहेको छ । यहाँ जुनसुकै एन्टिबायोटिक जहाँ पनि जसले पनि, बिनाचिकित्सकको प्रिस्क्रिप्सन सजिलै किन्न सकिन्छ । बेच्ने वा किन्ने बेला कुनै रोकावट छैन । मनपरी ढङ्गले खाने गरिएको छ । एन्टिबायोटिक बनाउने, पूर्जामा लेख्ने, बेच्ने, किन्ने र खाने सबै क्षेत्रमा मनपरी छ । त्यसैले त विस्तारै हाम्रो शरीरमा रहेका रोगका जीवाणु बलियो हुँदै गएका छन् । यसको परिणामस्वरूप हामीलाई कुनै रोग लागेपछि एन्टिबायोटिक खाए पनि त्यसले काम गर्न छोड्दै गएको छ । एन्टिबायोटिक औषधिभन्दा जीवाणु बलियो हुँदै जानु भनेको चिकित्सा विज्ञान क्षेत्रकै लागि मात्र नभएर मानव जगत्कै लागि ठूलो चुनौती हो ।*

*एन्टिबायोटिक औषधि सेवन गर्नु भनेको पक्कै पनि बदाम र भटमास खाएजस्तै पक्कै पनि होइन । तर विडम्बना देशका दूरदराजका मानिसहरूले मात्र नभएर सहरी क्षेत्रमा बसोवास गर्ने र पढे लेखेका व्यक्तिहरूले पनि कुन बेला, कति मात्र, कुन रोगको उपचारमा एन्टिबायोटिक सेवन गर्ने भन्ने राम्रो ज्ञान पाइँदैन । खानै पर्ने बिरामीले एन्टिबायोटिक खाँदा खासै ठूलो समस्या नहोला तर नखानु पर्नेले खादा समस्या देखिएको छ ।  सबै रोगको उपचारमा एन्टिबायोटिकले काम गर्दैन । तर समाजमा एउटा यस्तो भ्रम छ कि हरेक रोगको अचुक उपाय भनेको एन्टिबायोटिक हो । कोभिडको महामारीको बेला एन्टिबायोटिकले काम गरेन । सामान्य सिटामोलबाहेक अरू औषधिले काम नगरेको हामी सबैले अनुभवसमेत गरेको प्रमाणित तथ्य हो । तर पनि सङ्क्रमित भएकामध्ये आधा जति नेपालीले कुनै न कुनै प्रकारको एन्टिबायोटिक सेवन गरेको पाइएको पाटन अस्पताल जनरल प्रेक्टिस तथा इमरजेन्सी विभागमा कार्यरत पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका सहप्राध्यापक डा. आशिष श्रेष्ठ बताउँछन् ।*

*नेपालमा एन्टिबायोटिकको प्रयोगसम्बन्धी नीति नै नभएको भने होइन । छ तर लागू गरिएको छैन । डा श्रेष्ठका अनुसार नियमअनुसार चिकित्सकको प्रिस्क्रिप्सन बिना कडा खालका एन्टिबायोटिक किनबेच गर्न पाइँदैन । तर व्यवहारमा लागू भएको पाइँदैन । नेपाली समाजमा एन्टिबायोटिक औषधिप्रति जनताको विश्वास ठूलो छ । एन्टिबायोटिक जुनसुकै रोग पनि निको पार्छ भन्ने बलियो मनोविज्ञान छ समाजमा । त्यसैले सितिमिति अरू औषधिमा विश्वास गदैनन् बिरामी पनि । आयुर्वेदिक औषधिको प्रयोग कम हुनुमा यो पनि एक प्रमुख कारण हो ।*

*उपभोक्ता मलाई यो नामको एन्टिबायोटिक दिनुहोस् भन्दै फार्मेसी पुग्ने गरेका हुन्छन् । एन्टिबायोटिक बाहेकले मलाई ठीक हुँदैन भन्ने उनीहरूको विश्वास छ । जनचेतनाको अभावका कारण नेपालमा एन्टिबायोटिकको उपभोग बढेको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्व उपकुलपति डा.अर्जुन कार्की बताउँछन् । रोग चाँडो निको बनाउने होडबाजीका कारण पनि एन्टिबायोटिकको प्रयोग बढेकोमा विज्ञहरूको एक मत छ । रोग चाँडो निको पार्न बढी डोजको एन्टिबायोटिक दिने र लिने प्रवृति छ । जुन स्वास्थ्यका हिसाबले हितकार होइन । यही होडबाजीले एक रूपैयाँको सिटामोल खाएर निको हुने रोगको लागि दसौं गुणा बढी मूल्य पर्ने एन्टिबायोटिक उपभोग गराइन्छ । यसरी अनावश्यक एन्टिबायोटिकको प्रयोगमा विभिन्न औषधि कम्पनीहरू र व्यापारीहरूको स्वार्थ पनि रहेको पाइन्छ ।*

*चिकित्सकहरूका अनुसार रोग निको पार्न सधैं एउटै औषधिको प्रयोग भन्दा फरकफरक किसिमको औषधि प्रयोग गर्न राम्रो मानिन्छ । बिरामीलाई एउटा औषधिले निको नभए अर्को औषधि प्रयास गर्नु राम्रो चिकित्सकीय अभ्यास हो । तर एकैचोटी हाइडोजको एन्टिबायोटिक दिंदा समस्या निम्त्याउँछ । जथाभावी एन्टिबोयोटिकको प्रयोग गर्दा मिर्गौला फेल हुने लगायतका शरीरका अन्य अङ्ग समेत फेल हुने अवस्था आउँछ । चिकित्सकहरूका अनुसार एन्टिबायोटिक नै रोगको पूर्ण निदान होइन । एन्टिबायोटिक खाएपछि त्यसले शरीरमा संक्रमित ब्याक्टेरियालाई नष्ट गर्छ । यस हिसाबले कुन किसिमको ब्याक्टेरिया हो, त्यही आधारमा एन्टिबायोटिक प्रयोग गर्नुपर्छ । यसको मात्रा, अवधि, समय सबैकुरा ख्याल गर्नुपर्छ । यद्यपि जुनसुकै अवस्थामा एन्टिबायोटिक सेवन गर्छौं । यस किसिमको प्रयोगले शरीरमा भएका ब्याक्टेरियाले आफ्नो रक्षात्मक क्षमता बढाउँछ । कोषिका परिवर्तन गर्छ । यसलाई 'ड्रग रेजिस्टेन्स' भनिन्छ । यस्तो हुनु भनेको ठूलो जटिलता हो । जब शरीरमा ब्याक्टेरियाले आफ्नो कोषिका बदल्छ, तब औषधिको प्रभाव कम हुन्छ । रोग फेरि बल्झन्छ र त्यसले थप चर्को रूप लिन्छ ।*

*एन्टिबायोटिकको विषयमा उपभोक्ता मात्र होइन स्वास्थ्यकर्मी र फार्मेसी सञ्चालकहरूमा समेत चेतना अभाव छ । कसरी हुन्छ एन्टिबायोटिक भिडाइ हाल्ने मनोविज्ञान उनीहरूमा पनि छ । एन्टिबायोटिक अत्यधिक प्रयोगले अहिले र पहिलेको तुलनामा एन्टिबायोटिकले काम नै गर्न छोड्दै छ । उदाहरणका लागि टाइफाइडमा प्रयोग हुने एन्टिबायोटिकले अहिले काम गर्न छोडेको छ । यो हाम्रो मात्र होइन, विश्वकै ठूलो समस्या हो ।*

*विकसित देशहरूमा जथाभावी एन्टिबायोटिकको किनबेच हुँदैन । डाक्टरको प्रिस्क्रिप्सन एन्टिबायोटिक बेच्न र किन्न पाइँदैन । त्यहाँ नियम पालना कडाइका साथ हुन्छ । अनुगमन कडा हुन्छ । तर हाम्रो देशमा न त कडा नियम हुन्छ न त अनुगमन बलियो । त्यसैले यहाँ जनस्वास्थ्यमा माथि धनस्वास्थ्यको लडाइँ चलिरहेको छ । पैसा कमाउने निहुँमा जनताको स्वास्थ्य प्रयोगशाला भइरहेको छ । एन्टिबायोटिकको गुणस्तर माथि पनि विचार गर्नुपर्छ । एन्टिबायोटिक उत्पादन गर्ने कम्पनीबाट त्यसको गुणस्तर निगरानी हुनु पर्छ । एउटै एन्टिबायोटिक धेरै कम्पनीले बनाउने गर्छन् । हाम्रो देशमा पनि औषधि व्यवस्था विभागले औषधिको गुणस्तर परीक्षण गर्छ । एन्टिबायोटिकको गुणस्तरका विषयमा पनि विभागले हेक्का राख्नुपर्छ । एन्टिबायोटिकको जथाभावी प्रयोग एक पक्षको प्रयासले मात्र सम्भव हुँदैन । त्यसमा सबै पक्षको सहयोग, सहकार्य आवश्यक पर्छ । एन्टिबायोटिक बनाउने कम्पनी, एन्टिबायोटिक लेख्ने डाक्टर, बेच्ने फार्मेसी, किन्ने उपभोक्ता र  नियम कानुन बनाएर लागू गराउने सबैको उत्तिकै जिम्मेवारी हुन्छ ।*

*एन्टिबायोटिकको अनावश्यक प्रयोग रोक्नका लागि जसले पनि किन्न पाउने नियम बन्द गर्नै पर्छ । राज्यले चाहेको खण्डमा एन्टिबायोटिकको प्रयोगमा भइरहेको बेतिथि रोक्न सक्छ । जस्तै उदाहरणको लागि नार्कोनिन ड्रग्सबिना लाइसेन्स बेच्न पाइँदैन ।*

*बिनाप्रिस्क्रिप्सन एन्टिबायोटिक बेच्न र किन्न पाइँदैन । किन्ने मान्छेको ठेगाना लेखेर प्रिस्क्रिप्सन लेख्ने डाक्टरको नेपाल मेडिकल काउन्सिलको नम्बरसमेत रेकर्ड राखेर बिक्री गरिन्छ । यसको जथाभावी प्रयोग रोकिएको छ । यसैगरी सरकारले एन्टिबायोटिकको जथाभावी प्रयोग रोक्न बनाइरहेको नीति नियम कडाइका साथ पालना गरे रोक्न सक्छ । तर यसमा राज्यको इच्छा शक्ति चाहिन्छ । डाक्टरले लेख्ने प्रिस्क्रिप्सनको पनि अडिट गर्ने व्यवस्था गर्नुपर्छ । कुन रोगको उपचार के औषधि सिफारिस गऱ्यो ? जथाभावी एन्टिबायोटिक त लेखेन  भन्ने बिषयमा प्रिस्क्रिप्सन अडिट गर्ने प्रचलन चलाउनु पर्छ ।  जथाभावी लेख्ने लाई कारवाही गर्नुपर्छ ।*

*स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मातहतको उपचारात्मक महाशाखाले स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत प्रयोग गरिने औषधि प्रिस्क्रिप्सनको अडिट गर्ने काम अगाडि बढाएको छ ।  अरू रोगको उपचारमा पनि प्रिस्क्रिप्सन अडिट हुने व्यवस्था गर्नुपर्छ । यसले जथाभावी एन्टिबायोटिक सिफारिस गर्ने चलन माथि पनि अङ्कुश लाग्न सक्छ । हरेक चिकित्सक आफ्नो पेसाप्रति, समाजप्रति र जनस्वास्थ्य माथि सबै जिम्मेवार हुनुपर्छ । एन्टिबायोटिक सिफारिस गर्ने चिकित्सक, बेच्ने फार्मेसी र किन्ने उपभोक्ता तिनै पक्षलाई जिम्मेवार नबनाएसम्म एन्टिबायोटिकको जथाभावी प्रयोग रोक्न सकिँदैन । यसमा सबैको ध्यान जानु आवश्यक छ ।*

*केही दिन पहिले औषधि व्यवस्था विभागले एक सय तीन प्रकारका एन्टिवायोटिकको प्रयोग नगर्न उपभोक्ता र सरोकारवालाई अनुरोध गरेको  थियो । विभागले एन्टिबोयोटिकको प्रयोगलाई न्यूनिकरण गर्न र नियन्त्रण गर्न प्रतिवन्ध लगाएको जनाएको थियो । एन्टिबायोटिकको जथाभावी प्रयोगलाई रोक्ने अभिप्रायले नेपाल चिकित्सक सङ्घले विभिन्न नीतिगत तहमा पैरवी गर्ने गरेको थियो । विश्व स्वास्थ्य सङ्गठनले सन् २०५० सम्म यही तरिकाले एन्टीबायोटिकको गलत प्रयोग भएको अवस्थामा भविष्यमा एन्टीबायोटिकले सही तरीकाले काम गर्न सक्दैन भन्ने अनुमान गरेको छ । एन्टीबयोटिकको सही सदुपयोग गर्नुपर्छ भनेर विश्वस्वास्थ्य सङ्गठनलगायत स्वास्थ्य क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरूले बारम्बार यस विषयलाई उठाइरहेका छन् ।*

# डेङ्गुका संक्रमित बढेपछि 'खोज र नष्ट गर' अभियान

**काठमाडौं ।** सदरमुकाम दमौलीमा डेङ्गुका संक्रमित बढेपछि जिल्ला प्रशासन तनहुँले 'खोज र नष्ट गर' अभियान सुरु गरिएको छ। दमौली बजार क्षेत्रका वडाका सर्वसाधारण डेङ्गुबाट संक्रमित भएपछि जिप्रकाको संयोजनमा सो अभियान सुरु गरिएको हो ।

अभियान जनप्रतिनिधि, सुरक्षाकर्मी, कर्मचारी, स्वास्थ्य स्वयंसेविका, टोल विकास संस्थालगायतको संयुक्त सहभागितामा सञ्चालन गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख शंकरबाबु अधिकारीले जानकारी दिए । सहभागिहरूलाई दुई समूहमा विभाजन गरी व्यास नगरपालिका-२ र व्यास नगरपालिका-३ मा सञ्चालन गरिएको अभियानका क्रममा लामखुट्टेले फूल पार्नसक्ने सम्भावित स्थानको खोजी गर्ने र लामखुट्टेको बासस्थान नष्ट गर्ने रहेको उनले बताए ।

अभियानका क्रममा प्रभावित क्षेत्रका नागरिकलाई लामखुट्टेको टोकाइबाट जोगिने उपायबारे विभिन्न चेतनामूलक सन्देश प्रवाह गर्ने प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले बताए । स्वास्थ्य कार्यालयका प्रमुख अधिकारीकाअनुसार जिल्लाभर एक हजार नौ सय ९४ जनामा डेङ्गु संक्रमण भएकामा व्यास नगरपालिकामा मात्रै एक हजार ६ सय ९० जना संक्रमित रहेका छन् । नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले व्यास-२, ३ र ४ मा बढी संक्रमित रहेको जानकारी दिए ।

संक्रमण बढेसँगै दमौलीमा सञ्चालित निजी स्वास्थ्य संस्थाले डेङ्गु परीक्षणमा चर्को शुल्क लिने गरेको गुनासोपछि जिप्रका तनहुँले कार्यदल गठन गरेको छ। कतिपय स्वास्थ्य संस्थाले डेङ्गु परीक्षणमा चर्को शुल्क लिएको गुनासो आएपछि जिप्रकाका सहायक प्रमुख  अधिकारी काशीराम गैरेको संयोजकत्वमा कार्यदल गठन भएको हो ।

# १९औं एसियाडका लागि नेपाली क्रिकेट टोली चीन प्रस्थान

**काठमाडौं ।** हाङजाउमा जारी १९औं एसियाली खेलकुद प्रतियोगितामा भाग लिन नेपाली क्रिकेट टोली चीन प्रस्थान गरेको छ। नेपाल क्रिकेट संघ (क्यान) ले क्रिकेट टोलीलाई सफलताको शुभकामना दिँदै बिदाइ गरेको हो ।

क्यानद्वारा राजधानीमा आयोजित बिदाइ कार्यक्रममा क्यानका नवनिर्वाचित अध्यक्ष चतुरबहादुर चन्द, सचिव पारस खड्कालगायत क्यानका पदाधिकारीले खेलाडीलाई सफलताको शुभकामना दिँदै बिदाइ गरेका हुन् ।

एसियाडमा सहभागिता जनाउने नेपाली टोलीका कप्तान रोहितकुमार पौडेलसहित विनोद भण्डारी, आसिफ शेख, कुशल भुर्तेल, सन्दीप जोरा, दीपेन्द्र सिंह ऐरी, कुशल मल्ल, विवेक यादव, सोमपाल कामी, करण केसी, गुल्सन झा, प्रतिश जिसी, अविनाश बोहरा र सन्दीप लामिछाने छन् । चोटका कारण ललित राजबंशीले भने प्रतियोगितामा सहभागी नहुने उल्लेख छ ।

राष्ट्रिय क्रिकेट टोलीका कप्तान पौडेलले आफ्नो टोलीले राम्रो अभ्यास गरेको भन्दै प्रतियोगितामा मेडल जित्ने लक्ष्यका साथ मैदानमा उत्रने बताए । नेपालले असोज दसमा पहिलो खेल मंगोलियासँग र समूह चरणको दोस्रो खेल १४ गते माल्दिभ्ससँग खेल्नेछ ।

# १० हजार युवालाई रोजगारी : मुख्यमन्त्री शर्मा

**काठमाडौं ।** कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले कर्णालीको मुख्य दुश्मन गरिबी हटाउने तयारीमा रहेको बताएका छन् । नेपाल पत्रकार महासंघद्वारा आयोजित पत्रकार सम्मेलनमा उनले कर्णालीको गरिबी हटाउनु अहिलेको ठूलो चुनौती रहेको बताएका हुन् ।

'हामीले कर्णालीको गरिबीलाई हटाउने योजना बनाएका छौं, प्रत्येक वर्ष विपन्न गरिब, गरिब घर परिवारका दस हजार युवालाई रोजगार बनाउने योजना बनाएका छौं' मुख्यमन्त्री शर्माले भने- 'यो योजना हामीले सफल पारेरै छाड्ने छौं ।' त्यसका लागि नीति तथा कार्यक्रम निर्माण गरिएको भन्दै मुख्यमन्त्री शर्माले थपे- 'हामी दस हजार युवालाई रोजगारी दिने कार्यको प्रक्रियामा छौं, अनुदानमार्फत नभएर बीउपुँजी अन्तर्गत युवालाई रकम सहयोग गरेर उनीहरूको आय-आर्जनमा सहयोग पुऱ्याउने योजनाका साथ प्रदेश सरकार लागेको छ ।' कर्णाली प्रदेशमा धेरै चुनौती रहेको भए पनि त्यो चुनौतीका माझ पनि सरकारले काम गर्ने उनको भनाइ थियो ।

राजनीतिक अस्थिरताका कारण सरकारमा बसेर काम गर्न केही समस्या भएको भन्दै उनले आफूले तीन पटकसम्म विश्वासको मत लिएको प्रसंगलाई जोड्दै नेपालको अस्थिर राजनीतिका कारण पनि सरकारमा रहेर प्रभावकारी काम गर्न नसकेको धारणा व्यक्त गरे ।

# 'लोकतन्त्र बलियो बनाउन सचेत नागरिकको खबरदारी चाहिन्छ'

**काठमाडौं ।** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले लोकतन्त्र बलियो बनाउन सशक्त र सचेत नागरिकको खबरदारी आवश्यक पर्ने बताएकी छन् । सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा राष्ट्रिय सूचना आयोगद्वारा राजधानीमा आयोजित गोष्ठीलाई सम्बोधन गर्दै मन्त्री शर्माले सार्वजनिक सरोकारका विषयमा जति बढी जानकारी प्राप्त हुन्छ त्यती बढी जनता सशक्त हुने धारणा व्यक्त गरेकी हुन् ।

'सशक्त र सचेत नागरिकको खबरदारीले मात्र लोकतन्त्र बलियो हुन्छ' मन्त्री शर्माको भनाइ थियो- 'यसले सार्वजनिक सरोकारका सबै विषयमा जनताको पहुँच पुऱ्याउन सहयोग गर्छ ।' सूचनाको हक जनतालाई सशक्त र लोकतन्त्रलाई बलियो बनाउने माध्यम भएकाले यसको प्रयोगलाई जनस्तरसम्म पुऱ्याउनु पर्नेमा उनको जोड थियो । सूचनाको हकलाई संविधानमा मौलिक हकका रूपमा व्यवस्था गरिएको भन्दै उनले यसको कार्यान्वयनका लागि सूचनाको हक सम्बन्धी ऐनको मुख्य उद्देश्य भनेकै जनतालाई बलियो बनाउनु भएको धारणा व्यक्त गरिन् ।

'अनलाइन स्पेसको वृद्धिसँगै एकातिर सूचना संकलन, भण्डारण र प्रवाहमा सहजता आएको छ भने अर्कोतिर सूचना प्रविधिको प्रणालीमाथिको अनाधिकृत पहुँच दुरूपयोगको समस्याका कारण सूचनाको सुरक्षामा चुनौती थपिएको छ' उनको भनाइ थियो । यसका लागि सरकारले राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० जारी गरेको मन्त्री शर्माले धारणा थियो ।

कार्यक्रमबीच प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले आयोग सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि यसलाई पूर्ण रूपमा अनलाइनमा लैजान प्रयासरत रहेको भन्दै आयोगले सूचना मागकर्ता र सार्वजनिक निकायका लागि सहयोगी पुस्तिका बनाएको उल्लेख गरे । प्रमुख सूचना आयुक्त गुरुङले सूचनाको हकलाई पूर्ण समावेशी बनाउन लागेको उल्लेख गर्दै उनले कार्यान्वयनमा प्रभावकारी हुने विश्वास व्यक्त गरे ।

कार्यक्रममा डिजिटल राइट्स नेपालका कार्यकारी निर्देशक सन्तोष सिग्देलले 'अनलाइन स्पेस र सूचनाको हक अवसर र चुनौती' विषयेक कार्यपत्र प्रस्तुत गरेका थिए भने मन्त्रालयका सहसचिव अनिलकुमार दत्त, सञ्चारिका समूहका अध्यक्ष विमला तुम्खेवा र आयोगका आयुक्त रत्नप्रसाद मैनलीले टिप्पणी गरेका थिए । यसैबीच मन्त्री शर्माले आयोगले सूचना मागकर्ता र सार्वजनिक निकायका लागि सहयोगी पुस्तिका विमोचन गरेका थिए ।

# प्रमको चीन...

समृद्धिका लागि लामो समयको मित्रतासहितको रणनीतिक साझेदारीबारे स्मरण गरेका थिए। यस क्रममा द्विपक्षीय सम्बन्धलाई कायम राख्ने, पारस्पारिक विश्वास अभिवृद्धि, दुई देशबीच सबै तहमा सहयोग आदान-प्रदान तथा विस्तार गर्ने प्रतिबद्धता पनि दोहोऱ्याइएको पनि उल्लेख गरिएको छ। नेपाल र चीनबीच सन् १९५५ मा कुटनीतिक सम्बन्ध स्थापना भएदेखि नै विभिन्न अन्तर्राष्ट्रिय परिस्थितिको सामना गर्दै आपसी सम्मान, समानता, ऐक्यबद्धता र पारस्पारिक सहयोगको भावनालाई निरन्तरता दिँदै आएका नेपाल-चीन सम्बन्ध फरक भौगोलिक आकार र सामाजिक प्रणाली भए पनि आपसी मैत्री उत्कृष्ट उदाहरणका रूपमा रहेको संयुक्त वक्तव्यमा उल्लेख गरिएको छ।

शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्त (पञ्चशील), संयुक्त राष्ट्र संघको वडापत्र, दुई देशबीच भएका सहमतिलाई कार्यान्वयन गर्न सहमत दुई देशबीचको रणनीतिक सञ्चारलाई बलियो बनाउने, चीनले अघि बढाएको 'बेल्ट एन्ड रोड इनिसिएटिभ' (बिआरआई)मा सहकार्य गर्ने, क्षेत्रीय एवं अन्तर्राष्ट्रिय चासोका साझा विषयमा समन्वय गर्न दुवै देश सहमत भएका छन्।

नेपालले 'एक चीन नीति'प्रतिको आफ्नो प्रतिबद्धता पुनः दोहोऱ्याएको छ। त्यस्तै, ताइवान चीनकै भू-भाग भएको नेपालले आफ्नो धारणा स्पष्ट पारेको पनि संयुक्त वक्तव्यमा उल्लेख छ। 'नेपाल ताइवान स्वतन्त्रताको विरुद्धमा छ। तिब्बत चीनको आन्तरिक मामला रहेको र नेपाली भूमिमा चीनविरुद्ध कुनै पनि पृथकतावादी गतिविधि हुन नदिने प्रतिवद्धता नेपाल जनाउँदछ' संयुक्त वक्तव्यमा भनिएको छ।

यसैगरी चिनियाँ पक्षले मित्रता, इमानदारी, पारस्परिक लाभ र समावेशीताको सिद्धान्त र छिमेकमा मित्रता र साझेदारी कायम गर्ने नीतिप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्याएको छ। 'बेल्ट एन्ड रोड इनिसियटिभ फ्रेमवर्क'भित्र रहेर द्विपक्षीय सहकार्यका लागि सन् २०१७ मे १२ मा भएको सम्झौता अघि बढाउन 'बिआरआई कार्यान्वयन योजना' चाँडो टुग्याउने सहमति भएको समेत उल्लेख गरिएको छ। दुई देशको विकास रणनीतिअनुसार अनुभव आदानप्रदान गर्न पूर्वाधार सञ्जाल, व्यापार, पर्यटन, उत्पादन क्षमता र लगानी जस्ता क्षेत्रको सहयोगलाई थप सुदृढ बनाउन पनि दुवै देश सहमत भएका छन्। बन्दरगाह, सडक, रेलमार्ग, हवाईमार्ग र विद्युत् प्रसारणलाइनजस्ता क्षेत्रमा व्यवस्थित ढंगले पूर्वाधार सञ्जालमा दुवै देशले जोड दिएका छन्।

यस्तै संयुक्त रूपमा हिमालयपार बहुआयामिक सम्पर्क सञ्जाल निर्माण गर्न दुवै देश सहमत भएका छन्। वक्तव्यमा संयुक्त लगानीका परियोजनामा कार्यरत कर्मचारीको सुरक्षाको प्रत्याभूति गरिएको छ। सन् २०२६ सम्ममा अति कम विकसित मुलुकबाट स्तरोन्नति हुने नेपालको लक्ष्य प्राप्तिका लागि विकास आश्यकता पूर्ति गरेर सहजीकरण गर्ने चीनले प्रतिबद्धता जनाएको छ।

लिजी-नेचुङ बन्दरगाह सञ्चालन र यात्रु सेवाका लागि झाङ्मु-खासा बन्दरगाह पुनः सञ्चालन गरिएकोमा दुवै पक्षले स्वागत गरेका छन्  भने पुलान र जिलोङ बन्दरगाहमा यात्रु र कार्गो सेवाको सहज तथा व्यवस्थित सञ्चालनका लागि दुवै पक्षले प्रशंसा गरेका छन्। परम्परागत रूपमा सञ्चालन भइरहेका चीन-नेपाल सीमा व्यापार नाकाहरू पुनः खोल्न पनि चीन सहमत भएको छ। दुवै पक्ष चेन्ताङ-किमाथाङ्का रिवु-ओलाङचुङ्गोला बन्दरगाहलाई छिट्टै खोल्नका लागि निरन्तर सम्पर्क गर्ने विषयमा सहमत भएको उल्लेख छ।

यसअघि हस्ताक्षर गरेको सहयोगसम्बन्धी  दस्तावेजहरू कार्यान्वयनमा निरन्तरता दिन सहमत भएका दुवै पक्ष दुई देशबीच यातायात सञ्जाल विस्तार गर्न टोखा-छहरे सुरुङमार्गको सम्भाव्यता अध्यया चाँडै टुंग्याउन, काठमाडौंको दोस्रो चरणको चक्रपथ विस्तार आयोजनालाई तीव्र गतिमा अघि बढाउन पनि सहमत भएको उल्लेख गरिएको छ। निचियाँ पक्षले नेपालको आवश्यकतालाई मध्यनजर गर्दै अरनिको राजमार्ग मर्मतसम्भार आयोजनाको चौंथो चरणको काम सुरु गर्न तयार भएको र स्याफ्रुबेसी-रसुवागढी राजमार्ग मर्मतको काम सुरु गर्न सहमत भएको पनि बताइएको छ।

यस्तै जिलोङ-केरुङ-काठमाडौं अन्तरदेशीय रेलवेको सम्भाव्यता अध्ययनको प्रगतिप्रति सन्तुष्टि जनाउँदै चीन-नेपाल रेलवे सहयोगसम्बन्धी आठौं कार्यदलको बैठक यथाशक्य चाँडो गर्नेमा समेत द्विपक्षीय सहमत भएका छन्। चिनियाँ पक्ष नेपालमा रेलवेसँग सम्बन्धित तालिम दिन पनि तयार भएको छ।

दुवै देशका प्रधानमन्त्रीले दुई देशका नागरिक उड्डयन प्राधिकरणबीच भएको सहमतिको स्वागत गरेको समेत उल्लेख गरिएको छ। दुवै देशले आफ्ना हवाई सेवालाई थप विस्तार गर्ने र बजार आवश्यकताका आधारमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट थप उडान गर्ने र यसबाट पर्यटन तथा व्यापार प्रवर्द्धन र आर्थिक क्रियाकलापमा वृद्धि हुने अपेक्षा गरिएको छ।

यसैगरी ऊर्जा क्षेत्रमा जलविद्युत उत्पादन आयोजना, सीमापार प्रसारण लाइन र सबस्टेसन निर्माणका लागि थप सहकार्य गर्ने, जिलोङ-केरुङ-रसुवागढी-चिलिमे २२० केभी क्षमताको अन्तरदेशीय विद्युत प्रशारणलाइन निर्माणको काम चाँडै शुरु गर्ने सहमति गरिएको उल्लेख छ। सोही वक्तव्यमा 'चीन-नेपाल संयुक्त कार्यान्वयन संयन्त्र'मार्फत जलविद्युत, वायु, सौर्य र बायोमास ऊर्जाका साथै हाइड्रोजनको क्षेत्रमा सहयोग आदानप्रदान तथा सहकार्य विस्तारमा काम गर्ने उल्लेख गरिएको छ। नेपालको दुर्गम उत्तरी भेगका गाउँहरूमा विद्युतीकरण गर्न चीनको सिजाङ स्वायत्त क्षेत्रबाट बिजुली आपूर्तिका लागि नेपाली पक्षले गरेको अनुरोधलाई चीनले सकारात्मक रूपमा लिएको पनि बताइएको छ।

चीनमा हालै सम्पन्न व्यापार सहजीकरणसम्बन्धी दोस्रो कार्यदल बैठकका उपलब्धीमा दुवै पक्षले सन्तुष्टि व्यक्त गरेका छन्। द्विपक्षीय व्यापार प्रवर्द्धनका लागि उक्त बैठकलाई कोशेढुंगाका रूपमा लिइएको छ। दुई देशबीचको व्यापार र लगानी प्रवर्द्धन गर्न पारदर्शी र भेदभावरहित व्यावसायिक वातावरण स्थापनाका लागि दुवै पक्ष सहमत भएका छन्। चीन-नेपाल मैत्री औद्योगिक पार्क आयोजना विकास सम्झौतामा लगानी बोर्डको कार्यालय र 'ल्हासा इकोनोमिक एण्ड टेक्नोलोजिकल डेभलपमेन्ट जोन इन्भेष्टमेण्ट डेभलपमेन्ट कम्पनी' दुवैले वार्ता प्रक्रियालाई तीव्रता दिने र जतिसक्दो चाँडो पीडीएमा हस्ताक्षर गर्ने र आयोजना निर्माणको काम जतिसक्दा चाँडो शुरु गर्न दुवै पक्ष सहमत भएका छन्।

दुवै देशबीच व्यापार र भुक्तानी सम्झौताको समीक्षा तथा परिमार्जन गर्न संयुक्त प्राविधिक कार्य समूहको स्थापनाका लागि समझदारी पत्रमा हस्ताक्षर भएको पनि उल्लेख गरिएको छ। उक्त समझदारीपत्रले दुई देशबीचको कृषि सहयोगको स्तरलाई उचाइमा पुऱ्याउने र नेपाल-चीन कृषि सहयोगसम्बन्धी चौथो संयुक्त आयोगको बैठक यथाशीघ्र आयोजना गर्ने सहमति गरिएको छ। नेपाली घाँस, जडिबुटी, मासुजन्य पदार्थ निर्यात गर्न समेत दुवै देशबीच सहमत भएका छन्।

यसैगरी कोभिड-१९ महामारीसँग मिलेर लड्नका लागि आपसी सहयोगको प्रशंसा गर्दै चिकित्सा क्षेत्रमा थप सुधारका लागि दुवै पक्ष सहमत भएका छन्। चीनले वीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा बोनम्यारो प्रत्यारोपण सेवा सञ्चालन र मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयलाई सहयोगको प्रतिबद्धता जनाएको छ।

सोही क्रममा भूकम्पपछिको पुनर्निर्माणका आयोजनालाई द्रुत गतिमा कार्यान्वयन गर्न दुवै पक्ष सहमत भएका छन्। आपतकालीन व्यवस्थापन र विपद् रोकथाम, न्यूनीकरण र राहतमा सहयोग विस्तार गर्न थप छलफल गर्ने सहमति भएको छ।

यसैगरी नेपाल-चीन सीमाको संयुक्त निरीक्षण गर्न र सीमा व्यवस्थापन प्रणाली कार्यान्वयनका लागि दुई देशबीच भएको सम्झौतालाई यथाशीघ्र कार्यान्वयनमा ल्याउने, दुवै देशका गृह मन्त्रालयबीच तीन तहमा सीमा सम्पर्क प्रणाली स्थापना गर्ने विषयमा छलफल जारी राख्न एवं आपराधिक क्रियाकलाप नियन्त्रणका लागि पारस्परिक कानूनी सहायतासम्बन्धी चीन-नेपाल सन्धि अनुमोदनलाई तीव्रता दिने विषयमा पनि दुवै देशले सहमति व्यक्त गरेको समेत जानकारी दिइएको छ।

यस्तै शिक्षा, विज्ञान तथा प्रविधि, दूरसञ्चार, संस्कृति, पर्यटन, रेडियो र टेलिभिजन, प्रबुद्ध समूह र युवा क्षेत्रमा सहयोग आदानप्रदान एवं सहकार्य गर्न दुवै पक्ष तयार रहनेछ। नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र चीनको विज्ञान र प्रविधि मन्त्रालयबीच भएको सम्झौतामा दुवै पक्षले सन्तुष्टि व्यक्त गर्दै दुई देशबीच डिजिटल अर्थतन्त्र, डिजिटल पूर्वाधार एवं आर्टिफिसियल इन्टेलिजेन्सजस्ता क्षेत्रमा सहकार्यका लागि छलफल गर्ने विषयमा समेत सहमति जनाएको उल्लेख छ। दुवै देशका विद्वतवर्ग, विद्यार्थी, कलाकार र निजी क्षेत्रका उद्यमीको मैत्रीपूर्ण सहकार्यका गर्न दुवै देश सहमत भएका छन्।

यस्तै आठौं चाइना साउथ एसिया फ्रेन्डसिप अर्गनाइजेसन फोरममा नेपाली संस्थालाई चिनियाँ पक्षले स्वागत गरेको छ। दुवै देशका जनस्तरको सम्बन्ध प्रगाढ तुल्याउनका लागि दुई देशका विभिन्न सहरबीच भगिनी सम्बन्ध स्थापना गरिने, चीनको प्रेस र प्रकाशन विभाग र नेपालको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबीच ग्रन्थ अनुवाद र प्रकाशनमा सहमति भएकोमा सन्तोष व्यक्त गरिएको छ। दुई मुलुकबीच दीर्घकालिन मित्रताको प्रतीकका रूपमा नेपालले चिनियाँ पक्षलाई एक जोडी एक सिंगे गैंडा उपहारस्वरूप उपलब्ध गराउने तथा चीनले नेपालमा चिनियाँ भाषा पढाउने शिक्षक र स्वयंसवेक पठाउन सहमत भएको पनि उल्लेख छ।

दुवै पक्षबीच बहुपक्षीय व्यापार प्रणालीलाई समर्थन गर्दै संरक्षणवादको विरोध गर्ने, आर्थिक विश्वव्यापीकरणलाई थप खुला, समावेशी, सन्तुलित र सबैका लागि लाभदायक तुल्याउन  विश्वव्यापी प्रवर्द्धन गर्ने, क्षेत्रीय शान्ति कायम गर्ने, सुरक्षाको प्रवन्ध गर्ने, विकास र समृद्धिलाई जोड दिई मानव जातिका लागि साझा भविष्यमा निर्माणमा सहयोग गर्न सहमत भएको समेत उल्लेख गरिएको छ। चीनले प्रस्ताव गरेको ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जिडिआई)मा नेपाली पक्षले समर्थन गर्ने र विकासको अनुभव आदानप्रदान गर्न चिनियाँ पक्ष तयार पनि बताइएको छ। विकास र समृद्धिका लागि चीरस्थायी मित्रता र नेपाल-चीनबीच रणनीतिक साझेदारीमा प्रधानमन्त्री प्रचण्डको चीन भ्रमण सकारात्मक भएकोमा दुवै पक्षले सन्तोष व्यक्त गरेका छन्।

यसै अवसरमा प्रधानमन्त्री प्रचण्डले चिनियाँ नेताको निमन्त्रणा र न्यानो आतिथ्यताका लागि चिनियाँ सरकार र जनताप्रति आभार व्यक्त गर्दै चिनियाँ नेतृत्वलाई नेपाल भ्रमणको निम्तो दिए भने चिनियाँ नेताहरूले नेपाल भ्रमणको निमन्त्रणाका लागि प्रधानमन्त्री प्रचण्डलाई धन्यवाद व्यक्त गरेका थिए।

## हेलो सरकारले के गर्छ ?

- सार्वजनिक निकायमा हुने भेद्भाव, वञ्चिती, सेवा प्राप्तिमा अवरोध, नोक्सानी एवं कुनै पीरमर्काबारे नागरिकका गुनासा सुन्छ ।
- कतिपय गुनासो कार्यकक्षबाटै सम्बन्धित निकायसँग सम्पर्क गरी सम्बोधन हुन्छ ।
- गुनासा सम्बोधनका लागि सम्बन्धित निकायहरूमा निर्देशनसहित पठाउँछ ।
- गुनासोउपर कारबाही भए-नभएको नियमित ताकेता ।
- गुनासो व्यवस्थापन गर्ने जिम्मेवार अधिकारीसँग निरन्तर छलफल हुन्छ ।

त्यसैले,

आफूलाई परेको पीरमर्का तथा गुनोसो हेलो सरकारमा टिपाऔं, समस्याको समाधान खोजौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः कोसेली मिडिया सपोर्ट प्रा.लि. सम्पादक : सानु राय (गौतम) [९८४९६००२०९] बजार व्यवस्थापक : माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]
कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४७३९५३८६ इमेल : janajibro.news@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं